चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क २३ | २०७२, चैत १–१५ | पूर्णाङ्क ५६९





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | १ |
| संयुक्त इजलास | ८ |
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | २ |
| एकल इजलास | १ |
| जम्मा | ५७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, चैत – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण / परमादेश | थलमान सुवेदीसमेत वि. मन्त्री, अर्थ मन्त्रालयसमेत | |
| **संयुक्त इजलास** | | | **२-८** |
| २. | उत्प्रेषण / परमादेश | मानकी देवी दाससमेत वि. गंगाप्रसाद खत्वेसमेत | |
| ३. | उत्प्रेषण | छविलाल राउत अहिर वि. गृह मन्त्रालयसमेत | |
| ४. | बैंङ्किङ कसुर | नेपाल सरकार वि. दुर्गा कार्की | |
| ५. | परमादेश | चुडामणि पौडेलसमेत वि. प्रधानमन्त्री तथा कुलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, काठमाडौंसमेत | |
| ६. | परमादेश | अधिवक्ता भक्तबहादुर विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ७. | अदालतको अपहेलना | लक्ष्मीप्रसाद अधिकारीसमेत वि. हरिशरण आचार्य | |
| ८. | उत्प्रेषण | होमप्रसाद आचार्यसमेत वि. रजिस्ट्रार सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं | |
| ९. | कर्तव्य ज्यान | मीना राउत विश्वकर्मा वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **९-१५** |
| १०. | परमादेश | शम्भुप्रसाद पाण्डे वि. मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ११. | परमादेश | शम्भुप्रसाद पाण्डे वि. मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १२. | लागु औषध हेरोइन | शेरबहादुर लिम्बूसमेत वि. नेपाल सरकार | |
| १३. | उत्प्रेषण / परमादेश | जुगेश्वर मण्डल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| १४. | अदालतको अपहेलना | अधिवक्ता सुरजकुमार रेग्मी वि. शम्भु श्रेष्ठ | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. केबहादुर गर्बुजासमेत | |

| | | |
|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| १७. | दर्ता फारी | सिद्धार्थ शमशेर ज.ब.रा. वि. केशवराज ढकाल |
| १८. | लेनदेन | गोपालप्रसाद शाह वि. राजेशकुमार भगत |
| १९. | हातहतियार खरखजाना | नेपाल सरकार वि. दीपक मण्डलसमेत |
| २०. | उत्प्रेषण | नरेन्द्र साह कलवार वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| **इजलास नं. २** | | **१५-१६** |
| २१. | लागु औषध (अफिम) | बलबहादुर मगर वि. नेपाल सरकार |
| २२. | अंश | लक्ष्मी पुन वि. मानबहादुर पुनसमेत |
| **इजलास नं. ३** | | **१६-२१** |
| २३. | उत्प्रेषण / परमादेश | यामबहादुर लिम्बू वि. श्री काशीनाथ निम्न माध्यमिक विद्यालय, याङ्गखुवासमेत |
| २४. | निषेधाज्ञा | ठग्गा थारू वि. गंगाराम थारूसमेत |
| २५. | मोही हक कायम मोहियानी नामसारी गरि प्रमाणपत्र पाउँ | फूलोदेवी यादव वि. रामशोभित ठाकुर |
| २६. | उत्प्रेषण / परमादेश | राजु के.सी. वि. प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत |
| २७. | लागु औषध ब्राउन सुगर | सीता पुन वि. नेपाल सरकार |
| २८. | कर्तव्य ज्यान | नरवीर पुन वि. नेपाल सरकार |
| २९. | नक्कली शैक्षिक प्रमाणपत्र (भ्रष्टाचार) | रूद्रबहादुर वली वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२१-२६** |
| ३०. | कर्तव्य ज्यान | मनोज परियार वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३१. | अपहरण तथा शरीर बन्धक एवम् कर्तव्य ज्यान | नेपाल सरकार वि. ज्ञानबहादुर लामासमेत |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जोक्सन राईसमेत |
| ३३. | उत्प्रेषण | नागेन्द्र मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सर्लाहीसमेत |
| ३४. | उत्प्रेषण | कपिलेश्वर साह वि. चन्द्रकुमार दास |
| ३५. | निषेधाज्ञा | रामसुन्दर सदासमेत वि. रविन्द्र सिंह राजपुत |
| **इजलास नं. ५** | | **२६-३३** |
| ३६. | सार्वजनिक बाटोको कब्जा खिचोला मेटाई निकास दिलाई चलन चलाई पाउँ | जलिल अहमद जोलाहसमेत वि. बदलु तेली |

| | | |
|---|---|---|
| ३७. | लिखत बदर | धर्मा पाण्डेय वि. टोपेन्द्रादेवी रेग्मी |
| ३८. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. दीपेन्द्र श्रेष्ठ |
| ३९. | अंश चलन | शिवराम सापकोटासमेत वि. विश्वराम सापकोटासमेत |
| ४०. | करारको परिपालना गराई पाउँ | मैकुलाल बाल्मिकी वि. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बाँके, नेपालगञ्ज सभापतिसमेत |
| ४१. | उत्प्रेषण | अधिवक्ता बौधकृष्ण भगत वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत |
| ४२. | उत्प्रेषण / परमादेश | रामु सहनी वि. जीवन सहनीसमेत |
| ४३. | उत्प्रेषण / परमादेश | उत्तमकुमार आले वि. ध्रुवकुमार आलेसमेत |
| ४४. | उत्प्रेषण / परमादेश | ममताकुमारी यादवसमेत वि. ईन्दल राय यादवसमेत |
| ४५. | कर्तव्य ज्यान | विनोद भन्ने भिमशंकर दर्जी वि. नेपाल सरकार |
| ४६. | मोही लगत कट्टा | रामलाल राजबंशी वि. धिरज लामिछाने |

| | | | |
|---|---|---|---|
| **इजलास नं.७** | | | **३३-३४** |
| ४७. | उत्प्रेषण / परमादेश | नरेन्द्र अधिकारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | |
| **इजलास नं.८** | | | **३४** |
| ४८. | उत्प्रेषण | अधिवक्ता रामप्रसाद प्रजापतिसमेत वि. अध्यक्ष नेपाल बार एसोसिएसन, केन्द्रीय कार्य समिति, रामशाहपथ, काठमाडौंसमेत | |

| | | | |
|---|---|---|---|
| **इजलास नं.९** | | | **३४-३६** |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरबहादुर शाहीसमेत | |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनबहादुर शाहीसमेत | |
| **एकल इजलास** | | | **३६** |
| ५१. | उत्प्रेषण | अधिवक्ता तोयानाथ ढुङ्गाना वि. न्याय परिषद्को सचिवालय, कुपण्डोल ललितपुरसमेत | |

## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WS-००६४, ००७५, उत्प्रेषण/परमादेश, *थलमान सुवेदीसमेत वि. मन्त्री, अर्थ मन्त्रालयसमेत, थलमान सुवेदीसमेत वि. मन्त्री, अर्थ मन्त्रालयसमेत*

आर्थिक अध्यादेश, २०६७ ले मूल्य अभिवृद्धिकर ऐन, २०५२ मा गरेको संशोधन र थप गरेका ऐनका उक्त प्रावधानहरू कर निर्धारण गर्ने कार्यविधिगत प्रक्रियासँग सम्बन्धित छ । कुनै वस्तुमा कर लाग्ने, नलाग्ने वा आंशिक कर लाग्ने भन्ने कुरा सारभूत कानून हो । तर निवेदकले बदर माग गरेको कानून सारवान् कानून नभई कर निर्धारणको प्रक्रियासँग सम्बन्धित कार्यविधि कानून रहेको छ । कर निर्धारण गर्ने कुरा कार्यविधिगत प्रक्रिया भएको र यस्तो कार्यविधिगत कुरा कार्यविधि ऐनसँग सम्बन्धित हुँदा कार्यविधि ऐन पश्चात्दर्शी हुन नसक्ने होइन । त्यसमा पनि ऐन संशोधन भएपश्चात् मात्र कर निर्धारण भएको छ । सारवान् कानूनले प्रत्याभूत गरेको हक अधिकारमा हस्तक्षेप वा अतिक्रमण नभएमा कार्यविधि कानूनको प्रयोग र पालन गर्नबाट रोक्ने गरि अति सूक्ष्मसंवेदी भई कानून बदर गर्नु उचित नहुने ।

कर निर्धारण गर्दा करको दायरा घटाइने गरेको वा अनियमितता गरेको पाइएमा पुनः कर निर्धारण गरि कर निर्धारण प्रक्रियालाई कानूनसम्मत र नियमित गर्न संविधान अन्तर्गतको सीमामा रहि जारी गरिएको कानूनलाई कपटपूर्ण विधायन भन्न मिल्दैन । कर निर्धारणमा अनियमित भएमा पुनः कर निर्धारण गर्न सक्ने गरि आर्थिक अध्यादेश, २०६७ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन र थप गरेको व्यवस्था कर निर्धारण कार्यविधिसँग सम्बन्धित हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को परिधिभन्दा बाहिर गई कानून निर्माण भई लागू भएको भन्न नमिल्ने ।

करको दायरा के हुने, कर निर्धारणका मापदण्ड कसरी निर्धारण गर्ने, कर निर्धारण कसरी गर्ने, कर छलेमा वा करको दायरा घट्ने गरि आय विवरण पेस गरेमा त्यस्तो विषयमा कति अवधिभित्रको कर निर्धारण गर्न सक्ने भन्ने जस्ता कुरा राज्यको आर्थिक नीतिअन्तर्गत पर्ने विषय भएको र राज्यले लिएको यस्तो आर्थिक तथा करको नीतिगत कुरामा प्रवेश गरि न्यायिक पुनरावलोकनको रोहबाट हस्तक्षेप गर्नु मनासिब नहुने ।

करको दायराभित्र पर्ने व्यक्ति, कुनै संघ संस्था, कम्पनी, व्यापारिक संस्था वा फर्मले कानूनको दायराभित्र रहि कार्य सम्पादन गरेको हुनुपर्दछ । सामान खरिद तथा निकासी नै नगरि मूल्य अभिवृद्धि कर फिर्ता लिएको कारणबाट पुनः कर निर्धारण गर्ने आदेश भएपछि कानून बदर माग गरेको देखिन्छ । निवेदकहरूले कानून उल्लङ्घन गरि कर छल्ने किसिमले बिजक बिल पेस गरि मूल्य अभिवृद्धि कर फिर्ता लिएको व्यक्तिगत लाभले निरन्तरता पाउने उद्देश्यले व्यक्तिगत प्रभावका आधारमा कानून बदर माग गरेको हुँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेकोसमेत देखिन नआउने ।

अन्तिम कर निर्धारण आदेश जारी गर्नुपूर्व आन्तरिक राजस्व कार्यालयले निवेदकहरूलाई मिति २०६७।१२।३० को प्रारम्भिक कर निर्धारण आदेशको सूचना दिई निवेदकहरूले मिति २०६८।१।१५ मा लिखित जवाफ पेस गरेको देखिएको हुँदा कारवाहीको जानकारी नगराइएको भन्न मिलेन । कारवाहीको जानकारी गराई निवेदकहरूले मिति २०६८।१।१५ मा लिखित जवाफ पेस गरि निजहरूको कुरासमेत सुनि सुनुवाईको मौका प्रदान गरेरमात्र मिति २०६८।१।२० मा अन्तिम कर निर्धारण आदेश भएको देखिएबाट उक्त काम कारवाहीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (८) र (९) विपरीत भन्न

नमिल्ने ।

कानूनले नै नियमित उपचारको व्यवस्था गरेकामा त्यो उपचारको बेवास्ता गर्दै निवेदकहरू रिट क्षेत्रमा प्रवेश गरेको अवस्था छ । यसरी सुरू आन्तरिक राजश्व कार्यालयले गरेको कर निर्धारण आदेशउपर दुई तहको पुनरावेदनको व्यवस्था भएकामा त्यस्तो सरल र सहज पुनरावेदनको मार्ग निवेदकहरूले अवलम्बन गरेको देखिएन । उक्त कानूनमा पुनरावेदनसम्बन्धी व्यवस्थामा कुनै द्विविधा वा द्वैध अर्थी दिने स्थिति नभई किटानीरूपमा पुनरावेदनको व्यवस्था गरेको त्यस्तो अवस्थामा उक्त सहज र सरल कानूनी मार्ग अवलम्बन नगरि सिधै असाधारण अधिकारक्षेत्रको माध्यमबाट आफ्नो हक गुमेको भनि हक प्रचलन गराई पाउन गरिएको त्यस्तो मागलाई वैधानिक मान्न नमिल्ने हुँदा संविधान प्रदत्त मौलिक हक वा कानूनप्रदत्त हक कुण्ठित भएको भन्ने तथ्ययुक्त आधार लिन नसक्नुको अतिरिक्त यो यति कारणले कानून संविधानसँग बाझिएको भनि स्पष्ट दाबी लिन नसकेको त्यस्तो अवस्थामा कर निर्धारण आदेशबाट निवेदकलाई व्यक्तिगत प्रभाव परेको कुरामा कानून बाझिएको भनि गरिएको दाबीलाई संविधान एवम् कानूनसम्मत् दाबी भन्न मिलेन । व्यक्तिगतरूपमा कसैलाई प्रभाव परेको कारणले कानून संविधानसँग बाझिएको अर्थ गर्न मिल्ने हुँदैन । कानून बाझिएको देखिन संविधानले प्रत्याभूत गरेका संवैधानिक प्रावधानमा अनुचित बन्देज गरेको वा संविधान प्रतिकूल हुने गरि कानून निर्माण भएको हुनु पर्दछ । कुनै व्यक्तिमाथि व्यक्तिगतरूपले प्रभाव परेको कारणले मात्र कुनै कानून असंवैधानिक भन्न नमिल्ने र आन्तरिक राजश्व कार्यालयले गरेको कर निर्धारण आदेशमा एक तह प्रशासकीय पुनरावेदन र अर्को तह पुनरावेदनको कानूनी व्यवस्था भएकामा त्यस्तो सहज र सरल वैकल्पिक कानूनी मार्ग अवलम्बन नगरि निवेदकहरू रिट क्षेत्रमा प्रवेश गरेको देखिएकाले मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदनहरू खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटर : विकेश गुरागाईं
इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

### १

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-०२६९, उत्प्रेषण / परमादेश, *मानकी देवी दाससमेत वि. गंगाप्रसाद खत्वेसमेत*

सर्जमिनसमेतको आधारमा मिति २०६९।६।१७ मा स्ववासी तथा बेनिस्सा जग्गा दर्ता समितिबाट निवेदक गंगाप्रसाद खत्वेसमेतको निवेदन सम्बन्धमा कि.नं. १२ को ०-३-१७ मध्ये ०-१-१७ निजहरूको आ-आफ्नो भोग अनुसार परेको दाबी विरोधमा जग्गा घुसेको भन्ने व्यहोरा उल्लेख भएकामा कित्ताकाट गर्दा घुसे नघुसेको हेरि घुसेको देखिएमा सोसमेत छुट्टयाई अलग अलग दर्ता हुनेगरि निर्णय भई मालपोत कार्यालय, मोरङले सोबमोजिम कित्ताकाट गरि दिन नापी कार्यालय मोरङलाई मिति २०६९।६।१९ मा पत्राचार गरि सोको बोधार्थ निवेदकहरू मानकीदेवी दास, चन्द्रकान्त दास, सूर्यकान्त दासलाई दिएको देखिने ।

निवेदकहरू मानकीदेवी दास समेतले जग्गानापीको क्रममा आफ्नो जग्गा स्रेस्ताभन्दा कमि भएको भनि २०४४ साल र २०४६ सालमा दिएका निवेदनहरू तामेलीमा रहेको भनि तत्समयमै थाहा पाएको भन्ने व्यहोरा निजहरूले मिति २०६९।४।२९ मा मालपोत कार्यालय, मोरङमा दिएको हकदाबी सम्बन्धी निवेदनमा उल्लेख भएको र मिति २०६९।६।१९मा मालपोत कार्यालय, मोरङले नापी कार्यालय, मोरङलाई लेखेको पत्रमा समेत स्ववासी तथा बेनिस्सा जग्गा दर्ता समितिको निर्णयानुसार

तपाईको माग दाबीबमोजिम जग्गा घुस्न गएको भए छुट्याई लिनु हुन भनि निवेदकहरू मानकीदेवी दास समेतलाई जानकारी गराएको अवस्था हुँदा पुनरावेदन जिकिर अनुसार स्ववासी तथा बेनिस्सा जग्गा दर्ता समितिको मिति २०६९।६।१७ मा भएको निर्णय एवम् सोबमोजिमको पत्राचार बदर गरि परमादेशको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा अधिकारप्राप्त निकायहरूबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरि भएका निर्णयहरू अन्यथा मान्न नसकिने र मिति २०६९।६।१९ को पत्रानुसार निवेदकको माग दाबीबमोजिम जग्गा घुस्न गएको भए छुट्याई लिन सक्ने नै हुँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१२।५ मा प्रस्तुत निवेदन खारेज हुने ठहराई भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

**२**

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१२०८, उत्प्रेषण, *छविलाल राउत अहिर वि. गृह मन्त्रालयसमेत*

निवेदक कुनै जानकारी नगराई, बिदा नलिई १०१ दिनसम्म गैरहाजिर रहेको देखिएको छ। प्रहरी सेवा सार्वजनिक शान्ति सुरक्षा र जनताको सुरक्षासँग प्रत्यक्षरूपमा सम्बन्धित अत्यन्त संवेदनशील सेवा हो। त्यस्तो सेवामा कार्यरत् कर्मचारीमा उच्च अनुशासनको अपेक्षा गरिन्छ, लापरवाहीको कुनै गुन्जायस रहन सक्दैन र रहनु पनि हुँदैन। यसप्रकार निवेदक बिना कुनै जानकारी प्रहरी नियम र आचरणविपरीत लामो समयसम्म कार्यालयमा गैरहाजिर रहि लापरवाहीयुक्त कार्य गरेको देखिँदा निजलाई सरकारी सेवामा अयोग्य नठहरिने गरि नोकरीबाट हटाउने गरि अधिकार प्राप्त अधिकारीबाट भएको निर्णयमा कुनै त्रुटि रहेको देखिन नआउँदा रिट निवेदक छविलाल राउत अहिर कार्यालयमा कुनै जानकारी नै नगराई लामो समयसम्म गैरहाजिर रहि लापरवाहीयुक्त कार्य गरेको देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ८८(झ) को कसुरमा ऐ. को नियम ८४(छ) बमोजिम निजलाई सामान्यतः भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरि नोकरीबाट हटाउने गरि अञ्चल प्रहरी कार्यालय, बागमतीबाट मिति २०६८।१।१३ मा भएको निर्णय सदर हुने ठहर्याई मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाका प्रहरी नायब महानिरीक्षकले मिति २०६९।११।१३ मा गरेको निर्णय कानूनसम्मत रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०७२३, बैंङ्किङ कसुर, *नेपाल सरकार वि. दुर्गा कार्की*

बैंङ्किङ कसुर र चेक अनादरमा केही समानता समेत रहेको देखिन्छ। खासगरि दुवै बैंङ्किङ कारोबारसँग सम्बन्धित विषय हुनुका साथै आफ्नो बैंक खातामा पर्याप्त रकम छैन भन्ने जान्दाजान्दै चेक काट्ने कार्य दुवै कसुरमा समानरूपमा अन्तर्निहित रहने देखिन्छ। तथापि बैङ्किङ कसुर सिधै बैंक वा वित्तीय कारोबार अर्थात् वित्तीय प्रणालीलाई हानि नोक्सानी पार्नमा परिलक्षित देखिन्छ भने चेक अनादरको कुरा चेक प्राप्त गर्ने तेस्रो व्यक्ति अर्थात् धारकलाई झुक्याउन वा हानि नोक्सानी पार्नमा त्यस्तै बैंङ्किङ कसुर कायम हुन चेकअनुसारको रकम भुक्तानी लिनुदिनु गरिसकेको हुनु पर्दछ तर चेक अनादरमा ड्रअरको खातामा पर्याप्त रकम नभएका कारण धारकले चेकमा उल्लेख

भएबमोजिमको रकम सम्बन्धित बैंकबाट भुक्तानी दिन नसकेको कारणबाट चेक सटही नभई अनादर हुन पुग्दछ । बैंङ्किङ कारोबारलाई नै जोखिम पुर्‍याउने र वित्तीय प्रणालीप्रति परिलक्षित भएको कारणले बैंङ्किङ कसुर गम्भीर प्रकृतिको कसुर हो भन्ने कुरा प्रस्तुत मुद्दा सरकार वादी भई चल्ने र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा पर्ने भन्ने दफा १८ को कानूनी व्यवस्थाबाट स्पष्ट हुन्छ । व्यक्तिप्रति लक्षित भएको कारण चेक अनादरको विवाद दुनियाँवादी फौजदारी मुद्दाको रूपमा चल्ने देखिन्छ । सारमा जानीजानी खातामा भएको भन्दा बढी रकमको चेक काटी हानि नोक्सानी पार्न खोजिएको पक्ष तथा रकम भुक्तानी भएको वा नभएको भन्ने आधार नै बैकिङ कसुर तथा चेक अनादर छुट्याउने लक्ष्मण रेखा देखिएको हुँदा सोहीरूपमा बुझ्नु र ग्रहण गर्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत मुद्दा बैंङ्किङ कसुर ऐनअन्तर्गत नपर्ने भनि अभियोगपत्र खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

सोझो अर्थमा चेक अनादर हुनु भनेको धारकले विनिमयपत्रमार्फत कारोबार गरिएको चेकमा उल्लेख भएको रकम भुक्तानी नपाउनु हो । आफ्नो खातामा रकम छैन भन्ने जान्दाजान्दै चेक काटि दिने कार्यमा निश्चितरूपमा धारकलाई धोका दिने ड्रअरको बदनियत अन्तर्निहित रहेको हुन सक्दछ । त्यसैले विधायिकाले यस्तो कसुरलाई दुनियाँवादी फौजदारी मुद्दाको वर्गभित्र राखि चेकमा उल्लिखित साँवा ब्याज भराई ड्रअरलाई जरिवाना र कैद समेतको सजाय तोकेको देखिन्छ । तर यस्तो व्यक्ति व्यक्ति बिच परस्पर विश्वासमा गरिएको विनिमय कारोबारको विषयलाई सरकार वादी भई चल्ने बैंङ्किङ कसुरको रूपमा अभियोजन गर्ने कार्यबाट सम्बन्धित धारकले उल्टै आफ्नो लेना रकम असुल गर्न नसक्ने प्रतिकूल अवस्था पनि सिर्जना हुनसक्ने ।

वस्तुतः राज्यको एउटा निकायले कानून बनाउँछ भने त्यसको प्रचलन र व्याख्या अरू नै निकायहरूबाट गरिन्छ । राज्यको शक्ति पृथक्कीकरणको लागि यो अपरिहार्य पनि हुन्छ । तर कतिपय अवस्थामा कानून निर्माण गर्ने निकायको भावना बुझाइमा हुन जाने कमि कमजोरीका कारण कानून कार्यान्वयनमा केही द्विविधा पर्न सक्दछ । कानूनको व्यवस्थालाई सही ढङ्गबाट बुझ्न नसक्दा यदाकदा यसको प्रयोग र पालनमा अन्यौल उत्पन्न हुन सक्दछ । परिणामतः मर्का पर्ने पक्ष अर्थात् पीडितको न्यायमा पहुँचको अधिकार नै कुण्ठित हुन पुग्दछ । यस्तोमा कानून कार्यान्वयन गर्ने निकायहरूले सदैव पीडितको हितमा आफूलाई केन्द्रित गर्नु श्रेयस्कर हुन्छ । मर्का पर्ने पक्ष उपचारबाट वञ्चित भैरहने तर अभियोजन भने गरिरहनुको कुनै औचित्य नहुने ।

कानूनी स्थितिको सही समझ भएको भए गलत कानूनी उपाय खोजी गरेर समय बर्बाद गर्न नपर्ने र समयमा नै कानूनको सही उपचार प्रशस्त गर्न सक्ने अवस्था रहन्थ्यो, जसले कार्यान्वयनमा सहजता र न्यायको अनुभूति वृद्धि गराउँथ्यो । कतिपय यस्तो अनपेक्षित परिणामहरू समयको अन्तरालमा अपूरणीय हुन जान्छन् । यसको जवाफदेहिता कसले व्यहोर्ने भन्ने पनि प्रश्न उठ्छ । तसर्थ नयाँ नयाँ कानूनहरू र एकै विषयमा रहेका विभिन्न कानूनहरूको बारेमा कानून कार्यान्वयन निकायका अधिकृतहरूलाई कानूनी अनुशिक्षण दिने दिलाउने नेपाल सरकार र वित्तीय संस्थाहरूले समेत गर्नुपर्ने देखिन्छ । त्यसको लागि ध्यानाकर्षण गर्नु गराउनु पर्ने देखिने ।

आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी बैंक तथा वित्तीय प्रणालीमा असर पार्ने गरि भुक्तानी लिने दिने कार्यमात्र बैंङ्किङ कसुर तथा सजाय ऐन, २०६४ अन्तरर्गत पर्ने स्पष्ट भएको र प्रस्तुत मुद्दामा सो अवस्थाको विद्यमानता नरहि व्यक्ति व्यक्ति बिच भएको विनिमेय कारोबार चेक काट्ने व्यक्तिको खातामा पर्याप्त रकम नभएको कारण सम्बन्धित बैंकबाट चेक

अनादरसम्म भएको देखिँदा अभियोगपत्र खारेज गर्ने गरि भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।८ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल साउन २० गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०२२२, परमादेश, *चुडामणि पौडेलसमेत वि. प्रधानमन्त्री तथा कुलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, काठमाडौंसमेत*

अस्पताल तथा स्वास्थ्य केन्द्रहरू निर्वाधरूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने जनसाधारणको हकसँग प्रत्यक्षरूपमा सम्बन्धित सेवा प्रदायक संस्थाहरू भएको र ती सेवामा कुनै बाधा अवरोध सिर्जना भएमा जनसाधारण जनताको बाँच्न पाउने हकमा नै असर पर्न जाने कुरामा विमति हुन नसक्ने।

विपक्षी ट्रेड युनियनहरूले गरेको तालाबन्दीको कारणबाट विपन्न र आर्थिक स्थिति कमजोर भएका वर्गले निःशुल्क स्वास्थ्य सेवा पाउने कुरामा प्रत्यक्ष असर पर्ने देखिँदा अस्पतालको चिकित्सा सेवामा असर पर्ने गरि कुनै पनि कार्य नगर्नु नगराउनु भनि यस अदालतबाट विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी भएको र उक्त अन्तरिम आदेश जारी भएपश्चात् तालाबन्दीको कार्य फिर्ता लिई ताला खोली सकिएकाले सेवाग्राहीले स्वास्थ्य उपचारको सेवाबाट वञ्चित हुनुपर्ने अवस्था नरहेको भन्ने विपक्षी ट्रेड युनियनहरूको लिखित जवाफ व्यहोरा रहेको तथा निवेदकले मिति २०७१।९।२ देखि नै तारेख छाडी अस्पतालको हालको अवस्थाका सम्बन्धमा अदालतलाई यथार्थ विवरण उपलब्ध गराई न्याय सम्पादनमा सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने आफ्नो कर्तव्यप्रति उदासिन रहेको देखिनुका साथै विद्वान् उपन्यायाधिवक्ताले बहसको क्रममा प्रतिष्ठान तथा अस्पतालमा हाल बन्द हड्तालको अवस्था नरहेको भनि आफ्नो भनाई राख्नु भएको हुँदा समेत हाल निवेदनकले दाबी गरेजस्तो तालाबन्दीको अवस्था विद्यमान नरहेको भनि मान्नुपर्ने देखिन आयो । कानूनप्रतिकूलको त्यस्तो कार्य भएका बखत कानून क्रियाशील हुनसक्ने नै हुँदा त्यस्ता अवैधानिक र अमर्यादित क्रियाकलाप हुन नदिन निरोधात्मक उपायहरू अवलम्बन गर्न विपक्षीहरूको ध्यानाकर्षण गराउँदै हाल निवेदकले उल्लेख गरेको जस्तो स्थितिको निरन्तरताको अभावमा निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०३१७, परमादेश, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको अख्तियारप्राप्त अध्यक्षका हैसियतले र आफ्नो हकमा समेत *अधिवक्ता भक्तबहादुर विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधान र कानूनबमोजिम गर्नुपर्ने कार्य गर्नु सरकार र सम्बन्धित निकायको कर्तव्य हुने कुरामा दुईमत हुन सक्दैन। कानूनमा भएका कुराहरू स्वयम् क्रियाशील हुन्छन्। सो विपरीत काम गर्ने छुट कसैलाई हुन सक्दैन, गरेमा कानूनले आफ्नो बाटो लिन्छ र आवश्यकताअनुसार दण्डित गर्ने गराउने प्रक्रिया सुचारू गर्नुपर्ने हुन्छ । कानूनको प्रभावकारी कार्यान्वयनका लागि प्रचार प्रसारका कुराहरू वातावरणीय पक्षका कुराहरू हुन्। ती कुराहरूको लागि पनि स्वयम् सरकार नै अग्रसर हुनुपर्ने हुन्छ भने सम्बन्धित अन्यले पनि

त्यस्तो कार्य गर्न नसक्ने नदेखिने।

कानूनको प्रभावकारी कार्यान्वयनका कुरामा सम्पूर्ण राज्य र यसका अवयवहरूको स्वाभाविक सरोकार हुन्छ । तर कुनै खास कानूनको खास प्रबन्धको उल्लङ्घन भएको वा कुनै कानूनी दायित्व पुरा नगरेकाले कार्यान्वयन हुन नसकेको भन्ने पुष्टि भएमा बाहेक कानूनी उपचारको प्रक्रिया स्वतः प्रशस्त हुनसक्ने कुरा आउँदैन। कानूनको सम्पूर्ण र सही कार्यान्वयनको अपेक्षा गर्नु स्वागतयोग्य कुरा हो। त्यसमा राज्यदेखि जनसाधारणसम्मको चेतना, सहभागिता र रूचिका कुरा सान्दर्भिक हुन्छन्। यस्ता कुरालाई कानूनी दायित्वको रूपमा परिभाषित गरि अदालतले हस्तक्षेप गर्ने कुराभन्दा पनि सम्बन्धित क्षेत्रको पहलकदमी र सरोकारको विषय बनाउन जरूरी हुने।

ऐन कानूनहरू आफैँमा बाध्यात्मक कानूनी संयन्त्रहरू हुन् । तिनलाई कार्यान्वयन गर्न कानूनीबाहेकका अन्य तरिका अपनाउन सकिँदैन । कानूनहरू सबैले मान्नुपर्ने बाध्यता रहने हुनाले तिनलाई कार्यान्वयन गर्न अदालतको निर्देशनहरू आवश्यक हुँदैनन्। कानून उल्लङ्घनका हरेक घटनामा निवेदक वा पीडित वा अन्य सरोकारवालाहरूले कानूनबमोजिम दाबी गरेको बखतमा कानूनी उपचार पाइने नै हुनाले निर्देशनात्मक आदेशको कारणले मात्र कानून कार्यान्वयन हुने वा त्यस्तो भएमा मात्रै कानून कार्यान्वयन हुन्छ भन्ने सोच राख्नु विधिसम्मत मान्न सकिँदैन। त्यसैले कानूनको उल्लङ्घन भएमा कानूनी उपाय प्रशस्त हुनसक्ने कुरामा अन्यथा शङ्का लिई रहनुपर्ने अवस्था नदेखिने।

संविधान र कानूनद्वारा प्रदत्त हक अधिकारको कार्यान्वयनमा प्रतिवद्धता जनाई जातीय भेदभाव र छुवाछुतजन्य कार्यका विरूद्ध सचेतना अभिवृद्धि गर्ने कार्यहरू भइरहेको भन्ने विपक्षीहरूको लिखितजवाफ व्यहोराबाट देखिएको तथा कानूनको कार्यान्वयनमा गैरकानूनी अवरोधहरू सिर्जना भई सो हटाउन वैध उपचार माग भई आएको खण्डमा यस अदालतले समुचित तौरले उचित अवसरमा विचार गर्नसक्ने नै हुँदा र हाल निवेदक स्वयम्ले आफ्नो दायित्व पुरा नगरेको अवस्थामा मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०५९८, अदालतको अपहेलना, *लक्ष्मीप्रसाद अधिकारीसमेत वि. हरिशरण आचार्य*

अदालतले जो सुकैलाई जस्तोसुकै अवस्थामा पनि आफ्नो अवहेलनामा सजाय गर्ने अदालतको अवहेलना सम्बन्धी अधिकारक्षेत्रको मकसद होइन । अवहेलना सम्बन्धी अधिकारको प्रयोग गर्दा अदालत ज्यादै संयमित रहेको हुन्छ । अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्न नदिन र जनआस्थामा वृद्धि गर्ने प्रयोजनको लागि न्यायिक प्रक्रियामा अवरोध वा व्यवधान खडा गर्ने, अदालतको आदेश वा फैसलाको अवज्ञा गर्ने तथा अदालत विरूद्धकै काम कारवाही गरि अदालतप्रतिको जनआस्थामा नै असर पार्ने व्यक्ति वा निकायउपर अदालतले संयमितरूपमा अवहेलनासम्बन्धी अधिकारक्षेत्रको प्रयोग गरि आफ्नो अवहेलनामा सजाय गर्न सक्ने।

पुनरावेदकहरूले परमादेश मुद्दामा पुनरावेदन अदालत जुम्लाको आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन गर्ने न्यायिक प्रकिया अवलम्बन गरेको कारण बरबुझारथ गर्न ढिलाई भएको देखिएको छ । सर्वोच्च अदालतको फैसलापश्चात् नयाँ गुठी व्यवस्थापन समितिलाई बरबुझारथ गरेको हुँदा पुनरावेदकहरूले अदालतको आदेशको पालना गरेको

देखिन्छ । पुनरावेदकहरूले अदालतको आदेशको पालना गरेको अवस्थामा अवहेलनामा सजाय गर्नु न्यायपूर्ण नहुने हुँदा पुनरावेदक प्रतिवादीहरू लक्ष्मीप्रसाद अधिकारी र पदमराज गिरीलाई अदालतको अवहेलनामा सजाय गरेको पुनरावेदन अदालत जुम्लाको फैसला कानूनसम्मत नदेखिँदा पुनरावेदक प्रतिवादीहरू लक्ष्मीप्रसाद अधिकारी र पदमराज गिरीले अदालतको अवहेलनाजन्य कसुर गरेको नदेखिँदा निज प्रतिवादीहरूलाई अदालतको अवहेलनामा जनही रू. १०००।- (एक हजार रूपयाँ) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६९।६।१५ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला उल्टी भई दुवै प्रतिवादीहरूले सफाइ पाउने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार २४ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०५१५, उत्प्रेषण, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती केन्द्रीय समितिको अख्तियारी प्राप्त ऐ.का केन्द्रीय सदस्य *होमप्रसाद आचार्यसमेत वि. रजिस्ट्रार सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं*

अदालतको मौजुदा कर्मचारीको दरबन्दी साबिकमा रहेको कार्यबोझको आधारमा निर्धारण गरिएको हुँदा हालको अवस्थामा मुद्दा मामिलाको अनुपातमा अदालतमा मौजुदा जनशक्ति कम हुँदै गइरहेको तथा दरबन्दी अनुसारका पदहरू पनि विविध कारणले सधैँभरि पूर्णरूपमा पूर्ति हुन नसकि खाली रहने गरेको, त्यस्ता खाली पदमा लोक सेवा आयोगबाट स्थायीरूपमा पूर्ति हुनसमेत समय लाग्ने भई अदालतमा सधैँभरि जस्तो त्यस्ता सहायकस्तरका पदहरू खाली रहन गई अदालतमा जनशक्तिको अभाव हुने गरेकाले जनशक्ति अभावको कारणले गर्दा न्याय सम्पादनको कार्यमा बाधा नपरोस् भन्ने उद्देश्यले त्यस्ता रिक्त पदपूर्तिको लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरि पठाइसकिएको तर लोक सेवा आयोगबाट सिफारिस भई नआएसम्मको अवधिका लागि रजिस्ट्रारलाई करारमा नियुक्ति गर्नसक्ने अधिकार नियमावलीमा थप गरिएको व्यवस्थाले प्रदान गरिएको देखिँदा सो व्यवस्था सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११(२)(च) को अख्तियारी र भावनाविपरीत भन्न नमिल्ने।

सर्वोच्च अदालत नियमावली, २०४९ निजामती सेवा ऐनअन्तर्गत बनेको नभई सर्वोच्च अदालत ऐन, २०४८ ले दिएको अधिकार प्रयोग गरि सर्वोच्च अदालतले बनाएको हुँदा नियमावलीको उक्त व्यवस्था निजामती सेवा ऐनको व्यवस्थासँग बाझिएको भन्ने प्रश्न सान्दर्भिक हुने देखिँदैन। प्रचलित कानूनका व्यवस्थाहरू एकआपसमा विरोधाभाषपूर्ण नभई सकेसम्म एकरूपता हुनु राम्रो हुन्छ। त्यस अर्थमा सर्वोच्च अदालत नियमावलीमा थप गरिएको उक्त व्यवस्था निजामती सेवा ऐनको व्यवस्थासँग तुलना गरि अदालतबाट प्रवाह हुने सेवाको विशिष्टता र जनशक्तिको अभावमा न्याय सम्पादनको कार्यमा पर्नसक्ने असरसमेतलाई दृष्टिगत गर्दा निजामती सेवा ऐनको उक्त व्यवस्थालाई निरपेक्षरूपमा ग्रहण गरि अदालतमा राजपत्र अनङ्कित पदमा अल्पकालीन अवधिका लागि करार सेवामा नियुक्ति गर्न नै मिल्दैन भनि अर्थ गर्नु न्यायपालिकाको आवश्यकता र त्यसको व्यवस्थापन गर्ने स्वायत्तताको हिसाबले समेत विवेकसम्मत हुने देखिएन । त्यसमा पनि नियमावलीमा थप गरिएको उक्त व्यवस्थाले रजिस्ट्रारलाई निरपेक्षरूपमा करारमा नियुक्ति गर्ने अधिकार प्रदान गरेको नभई उक्त अधिकार निश्चित प्रयोजन र अल्पकालीन प्रकृतिको सर्तयुक्त

रहेको देखिन्छ । जसअनुसार अदालतमा राजपत्र अनङ्कित पदहरू रिक्त भएको कारणबाट अदालतको काम कारबाही सुचारू हुन नसकेको हुनुपर्ने, त्यस्ता पद स्थायीरूपमा पूर्ति गर्नका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम भरि पठाइसकेको हुनुपर्ने र लोक सेवा आयोगबाट स्थायी पूर्तिका लागि सिफारिस भई नआएसम्मको अल्पकालीन अवधिका लागिमात्र रजिस्ट्रारले करार सेवामा पूर्ति गर्न सक्ने अधिकार नियमावलीले प्रदान गरेको देखिँदा विशेष अवस्थामा मात्र क्रियाशील हुने उक्त व्यवस्था निजामती सेवा ऐनको प्रावधानसँग बाझिएको भनि मान्न मिल्ने नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ मा दशौं संशोधनबाट थप गरिएको नियम १५(१) को खण्ड (थ) को व्यवस्था सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ समेतसँग बाझिएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०४९९, कर्तव्य ज्यान, *मीना राउत विश्वकर्मा वि. नेपाल सरकार*

मृतक बच्चाको घाँटी लुलो भई दायाँबायाँ बटारिने भन्ने लासजाँच मुचुल्का रहेको पाइयो । मृतक बच्चालाई आमासँग तत्कालै घटनास्थलमा देख्ने मौकामा कागज गर्ने गोमा विश्वकर्मासमेतका व्यक्तिको कागज एवम् बकपत्रमा निजले प्रतिवादी रहेको कोठा खोलि हेर्दा प्रतिवादीले बच्चा जन्माई के कुन बेला मारी बाल्टिनमा खाँदी लुकाई राखेको अवस्थामा फेला पारेकी हुँ भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । अदालतमा आई बकपत्र गर्ने वस्तुस्थिति मुचुल्काका कोपिला दियाली, दुर्गाबहादुर विश्वकर्मा र योगेन्द्र दाहाल, घटनास्थल लास जाँच मुचुल्काका तोयानाथ रिमाल र पूर्णबहादुर मोक्तान तथा जाहेरवालाले समेत प्रतिवादीले अवैध गर्भ धारण गरि बच्चा जन्माई मारेको भन्ने व्यहोरा उल्लेख गरिदिएको र प्रतिवादीको शारीरिक जाँच प्रतिवेदनमा प्रतिवादी सुत्केरी अवस्थामा रहेकी, निजको योनी मार्गबाट हल्का रगत बगिरहेको र labia minora र labia majora swelling भएको भन्नेसमेत रहेबाट यसले प्रतिवादीको भनाइलाई पुष्टि गरेको अवस्था हुँदा प्रतिवादीले आफ्नो नवजात शिशुलाई मारेको ठहर गरि प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद हुने गरि भएको पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा देखिन आएन।

प्रतिवादीको उमेर अपराध गर्दाका अवस्थामा १८ वर्ष रहेको, निज सामान्य साक्षर रहेको र गर्भ निरोधक उपायको पर्याप्त जानकारी राख्न सक्ने भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा अवैध यौन सम्बन्धबाट हुन गएको परिणामलाई दबाउने एकमात्र उद्देश्य प्रतिवादीमा रहे भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्दा सजाय चर्को पर्ने नै देखियो । तर निजलाई कमभन्दा कम सजाय गर्दा राज्यको दण्डनीतिको मूल उद्देश्य नै निष्प्रयोजित हुन जाने, सामाजिक नैतिक मूल्य मान्यताको अवमूल्यन हुने, यौन स्वच्छन्दतामा वृद्धि हुनसक्ने हुँदा पुनरावेदन अदालतबाट निजलाई अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ७ वर्ष कैद सजाय हुने गरि व्यक्त भएको राय कायम हुने र सोहीअनुसार प्रतिवादीको नाममा लगत कस्न भनि संखुवासभा जिल्ला अदालतमा पठाइदिनू । अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

## इजलास नं. १

### १

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०३३८, परमादेश, *शम्भुप्रसाद पाण्डे वि. मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मिति २०७०।८।४ मा सम्पन्न गर्ने भनि घोषणा गरिएको संविधानसभाको निर्वाचन कार्यक्रम सोही मितिमा सफलतापूर्वक सम्पन्न भई संविधानसभाले आफ्नो कार्यको थालनी गरिसकेको छ । यसरी जुन कार्यका लागि निर्वाचन आयोग तथा मन्त्रिपरिषद्ले निर्णय गरेको हो, सोसम्बन्धी काम सम्पन्न भइसकेको स्थितिमा जीवन बिमा र निर्वाचन खर्चको विषयमा हाल कुनै आदेश गर्नुको औचित्य नरहने।

निवेदकले नेपाल एकीकरण हुनुपूर्व नेपालमा बस्ने सबै नेपाली जनता आदिवासी हुन् भन्ने मान्यता हुनुपर्ने माग राखि एक अर्को विषयमा समेत परमादेश जारी गरिपाउन माग राखि निवेदन गरेको भए तापनि सो गर्नको लागि के कस्ता कानूनी आधार वा कारण हुन् भन्ने खुलाउन नसकेको एवम् कस्तो प्रकृतिको आदेशको माग राखेको भन्नेसमेत स्पष्ट उल्लेख गर्न सकेको नपाइँदा निवेदकले माग गरेको विषयका सन्दर्भमा स्पष्टता नभएको एवम् मिति २०७०।८।४ मा संविधानसभाको निर्वाचन कार्य सम्पन्न भई सो सम्बन्धमा कुनै आदेश गर्नुको कुनै प्रयोजन र औचित्य नहुने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

### २

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-१३५२, परमादेश, *शम्भुप्रसाद पाण्डे वि. मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मौलिक हक र राज्यको नीति निर्देशक सिद्धान्तका विषयमा रहेको आधारभूत भिन्नता पनि यही हो कि मौलिक हक जनताले प्रत्यक्ष रूपमा अनुभूत हुने गरि उपभोग गर्न सक्दछन् जसको उल्लङ्घनमा अदालतले उपचार प्रदान गर्न सक्दछ जुन कुरा राज्यको नीति निर्देशक सिद्धान्तमा हुँदैन । राज्यको निर्देशक सिद्धान्त एवम् नीति एउटा व्यापक अवधारणा हो जुनसँग समन्वय हुने गरि केही निश्चित अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरिएको हुन्छ । यी मौलिक हकको कार्यान्वयनको लागि अदालतबाट उपचार प्रदान गर्नलाई पनि राज्यद्वारा त्यसका पूर्वाधारहरूको स्थापना र विकास गरिएको हुनु जरूरी हुन्छ । तसर्थ राज्यको नीति तथा कानून निर्माण गर्ने अङ्गको जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रकृतिका मौलिक हकको वास्तविक प्रत्याभूतिका लागि आवश्यक पूर्वाधारको यथाशीघ्र विकास गर्न एवम् कार्यक्रमहरू लागु गर्नका लागि ध्यान जान अत्यावश्यक हुने।

जनताका मौलिक हकको सुनिश्चितता प्रदान गर्न विभिन्न नीति, कानून र कार्यक्रमको आवश्यकता हुने हुँदा यस्ता नीति तथा कार्यक्रमको निर्माणको प्रक्रिया सम्बन्धित मन्त्रालयअन्तर्गत गाउँ, नगर र केन्द्रसम्म विभिन्न तहमा विभिन्न चरणमा विद्यमान तथ्याङ्कको आधारमा वृहत् छलफल गरि सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको राय सुझावअनुसार सम्पन्न हुने गर्दछ। देशको नीति तथा कार्यक्रम कस्तो हुनुपर्दछ भन्ने विषय सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग एवम् अर्थ मन्त्रालयसमेतको सहकार्यको विषय हुने हुन्छ । यसरी व्यापकरूपले अध्ययन र छलफल गरि परिष्कृतरूपमा आएको योजना र सोअनुसार निर्धारण गरिएको कार्यक्रम नै जनताको लागि उपयोगी हुन्छ भन्ने मान्यता रहेको हुँदा देशको सर्वाङ्गीण विकासको लागि अदालतले नै कार्यक्रम तय गरि सरकारका

नाममा आदेश गर्न राज्यको शक्ति पृथकीकरणको सिद्धान्त (Doctrine of Separation of Power) ले समेत मिल्ने नहुने।

परमादेशको आदेश कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानूनबमोजिम गर्नुपर्ने विषय नगरेको खण्डमा सो कानूनबमोजिम गराउनको लागि जारी गरिने आदेश हो । कानूनको अभावमा वा कानूनले स्पष्ट निर्देशित नगरेको अवस्थामा परमादेश जारी हुँदैन । परमादेशको रिट खास कानून बनाउनका लागि विधायिकाको विरूद्ध जारी गर्न पनि सकिँदैन । आफूले माग गरेका विषयवस्तु कुन कानूनअन्तर्गत सरकारले अवलम्बन गरि कार्यान्वयन गर्नुपर्ने हो भनि निवेदनमा उल्लेख गर्न सकेको पाइएन । रिट निवेदकले संविधानको मौलिक हकअन्तर्गत व्यवस्था गरिएका विभिन्न प्रावधानहरूको आधारमा जारी हुनुपर्ने हो भने तापनि ती कार्यक्रमहरू नै संविधानले परिकल्पना गरेका विकल्परहित विषयवस्तु हुन् भनि मान्ने आधारको विद्यमानता नदेखिने हुँदा निवेदकले संविधानमा उल्लिखित हकहरूको सन्दर्भमा विभिन्न राष्ट्रिय कानूनी, आर्थिक, सामाजिक र सांस्कृतिक उपायहरूको कार्यान्वयनको लागि परमादेशको आदेश माग गरेको र उक्त मागहरू आफैँमा उपयोगी देखिए तापनि तिनको कार्यान्वयनको लागि विधायिकी एवम् राज्यका विभिन्न अङ्ग प्रत्यङ्गद्वारा निरन्तरको विकास प्रयास जरूरी हुने र तिनको व्यवस्थापनका लागि मागबमोजिम परमादेश जारी गरि कार्यान्वयन गर्न सकिने प्रकृतिको नदेखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

**३**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६७-CR-०३९५, ०३९६, ०३९८, १२२९, १२६४, ०६८-CR-०१८२, ०३५५, लागु औषध हेरोइन, *शेरबहादुर लिम्बू वि. नेपाल सरकार, अर्जुन लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. मेखबहादुर गुरूङसमेत, किशन ट्वाटी वि. नेपाल सरकार, मेखबहादुर गुरूङ वि. नेपाल सरकार, विष्णु श्रेष्ठ वि. नेपाल सरकार, लिलावती गुरूङ वि. नेपाल सरकार*

आफूहरूले तहतह बरामद लागु औषध प्राप्त गरेको र त्यसलाई बिक्री गर्ने प्रयोजनको लागि जडिबुटी नेर ग्राहक खोजी कुरेको अवस्थामा प्रतिवादीहरू किशन ट्वाटी, अर्जुन लिम्बू तथा शेरबहादुर लिम्बू पक्राउ परेको कुरा बरामदी मुचुल्का, सो बरामदी मुचुल्का खडा गर्नेहरूको बकपत्र, सबै प्रतिवादीहरूको मौकाको साबिती आदि प्रमाणबाट प्रमाणित भएको अवस्थामा अभियोग दाबीको कसुरमा निजहरूको संलग्नता ठहराएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सबै प्रतिवादीले बरामद लाऔ प्राप्त गरि एकअर्कालाई हस्तान्तरण गरि सबैको लाऔ बिक्री वितरण ओसारपसारको cause of action मा संलग्नता रहेको देखिँदा यसमा सुरू अदालतले सबैलाई मुख्य कर्ता मानी पुरा सजाय गरेको फैसला पनि नमिलेको भनि भनि हाल्ने ठाउँ थिएन । तथापि प्र. विष्णुले मुसर्रफबाट प्राप्त गरेको मिति, विष्णुबाट प्र. मेख र लीलावतीले पाएको मिति, त्यसपछि शेरले र किशनसमेतले पाएको मितिहरू र वारदात भएको मितिमा निकट सम्बन्ध देखिन नआएको र प्रतिवादीहरूका बिचमा नाफा नोक्सान के कसरी बाँड्नेसमेतको स्पष्ट विवरण आउन सकेको समेत नदेखिँदा यी दुरदृश्यमा देखिने प्रतिवादीहरू विष्णु श्रेष्ठ, मेखबहादुर तथा लीलावती एवम् कारोबारको पूर्णताको लागि वारदातस्थलमा नै पुग्ने प्रतिवादीहरू किशन ट्वाटी, अर्जुन लिम्बू र शेरबहादुरलाई एकैसरहका कसुरदार कायम गर्नु उपयुक्त देखिँदैन ।

यदि प्रतिवादीहरू मेखबहादुर, लीलावती र विष्णुसमेत गिरोहका नाइके वा लगानीकर्ता नै भएको भए पुनरावेदन अदालतको फैसलासँग सहमत हुन समस्या पर्थ्यो। सो नदेखिएको र प्रतिवादीहरू मेखबहादुर, लीलावती र विष्णु श्रेष्ठ immediate cause of the *actus reus* पनि देखिन नआएको हुँदा कारोबारको दिनमा प्रत्यक्षरूपमा संलग्न रहेका प्र.हरू किशन, शेरबहादुर र अर्जुनलाई मुख्य कसुरदार तथा कारोबारको समयमा प्रत्यक्षरूपमा संलग्न नरहेका बाँकी प्रतिवादीहरूलाई मतियार ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।८ को फैसला उपयुक्त नै देखिँदा उक्त फैसला सदर हुने ठहर्छ। वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अनिलकुमार शर्मा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७२ साल जेठ १३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WO-११२४, उत्प्रेषण/परमादेश, *जुगेश्वर मण्डल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

सरूवा व्यवस्थापन गर्ने निकायले कर्मचारीहरूको सरूवा गर्दा सम्बन्धित कानुनको सीमाभित्र रहेर नै गर्नु पर्दछ। कानूनले निर्धारण गरेको आधारबेगर गरिएको सरूवाले मान्यता नपाउनेतर्फ सरूवा व्यवस्थापन गर्ने निकाय सतर्क रहनु पर्ने हुन्छ। रिट निवेदकको सरूवा धनुषा जिल्लाको देवडिहा उप स्वास्थ्य चौकीबाट दुर्गम क्षेत्रअन्तर्गत च्यामा उप स्वास्थ्य चौकी, दोलखामा भई स्वास्थ सेवा विभागको मिति २०६६।९।२३ को निर्णयअनुसार निज निवेदकलाई पुनः देवडिहा उपस्वास्थ्य चौकी, धनुषामा नै सरूवा गरिएको अवस्था देखिन्छ। स्वास्थ्य सेवामा काम गर्ने कर्मचारीहरूको सरूवासँग सम्बन्धित कानूनी व्यवस्था हेर्दा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ को खण्ड (क) मा "एक पटक अति दुर्गम क्षेत्रमा २३३ दिनसम्म काम गरि सकेका कर्मचारीलाई चार वर्ष व्यतित नभई फेरि अति दुर्गम क्षेत्रमा नपठाउने गरि" सरूवा गर्ने आधार तोकिएको देखिने।

रिट निवेदकको मागदाबीमा दुर्गमबाट सरूवा भई सुगममा बसेको निर्धारित समय अवधि नपुगि पुनः दुर्गम क्षेत्र अर्थात् मुस्ताङ जिल्लामा सरूवा गरिएकाले विपक्षीको सरूवा निर्णयलाई चुनौती दिई आएको देखिन्छ। मिसिल संलग्न रहेको रिट निवेदकलाई च्यामा उप स्वास्थ्य चौकी, दोलखाबाट गरिएको रमाना पत्र बमोजिम निज रिट निवेदक मिति २०६८।१२।३० मा सरूवा हुँदासम्मको समय अवधि गणना गर्दा निज निवेदक दुई वर्ष सुगम क्षेत्रअन्तर्गत बसेको देखिन्छ। यस अदालतबाट मिति २०६९।०२।२५ मा जारी भएको अन्तरिम आदेशबमोजिम निज रिट निवेदक देवडिहा उप स्वास्थ्य चौकी धनुषामा नै कार्यरत रहिरहेको भई निज धनुषामा बसेको अवधि हाल ४ वर्ष व्यतित भइसकेको देखिएकाले हालको अवस्थामा निवेदकको माग दाबीको सम्बोधन भई सकेको अवस्था देखिन आउँछ। त्यसैले २०६८।१२।३० को सरूवा अब कार्यान्वयन गर्न कानूनले बाधा नहुने भएबाट निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था देखिएन। रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नरहेकाले रिट निवेदन खारेज हुने।

रिट निवेदक दुर्गम क्षेत्रबाट सुगम क्षेत्रमा सरूवा भई सो क्षेत्रमा आई बस्न पाउने अवधि पुगिसकेको अवस्था देखिएकाले मिति २०६८।१२।३० को सरूवा कार्यान्वयन गर्न हालको अवस्थामा बाधा नभएको कारणले रिट निवेदन खारेज भएको भएपनि रिट निवेदकलाई दुर्गम क्षेत्रमा सरूवा गर्दा सुगम क्षेत्रमा बस्न पाउने कानूनले निर्धारण गरेको समय नपुग्दै पुनः दुर्गममा सरूवा गरिएको अवस्था पाइएकाले सरूवा व्यवस्थापन गर्ने स्वास्थ्य सेवा विभागले स्वास्थ्य सेवा नियमावली, २०५५ ले सरूवा सम्बन्धमा तोकि दिएको

सर्तको प्रयोग र पालना गरेको भन्न नमिलेबाट सोतर्फ आगामी दिनमा सोतर्फ सतर्क रहि सरूवा व्यवस्थापन गर्नु भनि विपक्षी स्वास्थ्य सेवा विभागलाई ध्यानाकर्षण गराइएको छ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-MS-००१७, अदालतको अपहेलना, *अधिवक्ता सुरजकुमार रेग्मी वि. शम्भु श्रेष्ठ*

अदालतले गरेको फैसला वा आदेशको तथ्य यथार्थ रूपमा प्रकाशित गर्नु नै सूचनाको हकको संरक्षण गर्नु हो। तर त्यसको अपब्याख्या गर्ने, कुतर्क गर्ने र अदालत वा निर्णयकर्ताउपर लाञ्छना लगाउने वा सो लाग्न सक्ने गरि ज्यादतिपूर्ण अभिव्यक्ति दिन हुँदैन। पत्रकार जगतले जनतासम्म सूचना पुर्‍याउनको लागि समाचार प्रकाशित गर्दा बढो संयमित भई सत्य तथ्य समाचारमात्र प्रकाशित गर्नुपर्ने हुन्छ। कानून र संस्थाप्रति जनताको विश्वास कायम राखि राख्ने सवालमा पत्रकारहरू बढी नै जिम्मेवार बन्नुपर्ने हुन्छ। कानूनी कर्तव्यको सीमाभित्र बस्न सम्बन्धित सबै बाध्य हुन्छन्। यस्तो कुरामा सबैको ध्यानाकर्षण हुन जरूरी हुने भएकाले प्रस्तुत मुद्दामा उल्लिखित भ्रष्टाचार मुद्दा विचाराधीन रहेको, निवेदकले तारेख गुजारी बाँकी न्यायिक प्रक्रियाबाट पन्छिएको देखिएको र विपक्षी पत्रिकाले पनि न्यायालयप्रति श्रद्धा व्यक्त गर्दछु भन्दै क्षमायाचना गर्ने तत्परता देखाई जवाफ दिएको देखिएकाले त्यस्तो भावना व्यक्त हुँदा हुँदै कसुर कायम गर्न पनि उचित देखिएन। त्यसैले निवेदकको दाबी पुग्न सक्दैन। एउटा जिम्मेवार पत्रिकाबाट अदालत प्रति आफ्नो कार्य वा अभिव्यक्तिले प्रत्यक्ष वा परोक्ष कुनैरूपमा पनि अनुचितरूपले लाञ्छित गर्ने व्यवहारको अपेक्षा नगरिने हुनाले त्यसतर्फ निरन्तर ध्यानाकर्षणको लागि लेखी पठाई प्रस्तुत मुद्दाको लगतसमेत कट्टा गरिदिने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-RC-००२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. केबहादुर गर्बुजासमेत*

जाहेरवाला भुलबहादुर तिलिजा र मौकामा बुझिएका भगवती थजालीले मृतकलाई केबहादुरसमेतका २०/२१ जना प्रतिवादीहरूले पिटी मारेको भनि बकपत्र गरेको पनि पाइन्छ। बुझिएकी कुशकुमारी थजाली र छिममाया गर्बुजाले केबहादुर, खिमबहादुर र रेशम गर्बुजासमेतले धनरामलाई कर्तव्य गरि मारेका हुन् भनि बकपत्र गरेको पाइन्छ। मृतकको शरीरमा विभिन्न चोटपटक भएको भन्ने शव परीक्षण प्रतिवेदनमा देखिएको र सोमा सोही चोटको कारण मृतकको मृत्यु भएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। सहप्रतिवादीहरूको यी प्रतिवादीहरूउपर किटानी पोल भई बयान गरेको देखिएको तथा प्रत्यक्षदर्शी साक्षीहरूको भनाई एवम् बकपत्र तथा वारदातमा प्रयोग भएको हातहतियारको बरामदी मुचुल्का र त्यसको प्रतिवादीहरूबाट भएको सनाखत कागजसमेतका मिसिल संलग्न प्रमाणहरूको आधारमा यी तिन जना प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, बागलुङको फैसला अन्यथा देखिन नआउने हुँदा प्रतिवादीहरू केबहादुर गर्बुजा, खिमबहादुर गर्बुजा र रेशमबहादुर गर्बुजालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरि साधक जाहेर गरेको पुनरावेदन अदालत, बागलुङको

मिति २०६८।८।२६।२ को फैसला मनासिब देखिँदा साधकसमेत सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०१२२, उत्प्रेषण / परमादेश, *राजेन्द्रप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

शैक्षिक योग्यताको उपाधिमा उल्लिखित श्रेणीको आधारमा मात्र अङ्क दिनु पर्ने देखिन्छ । सोअनुसार उपाधिमा नै श्रेणी उल्लेख हुनुपर्नेमा त्यसरी उल्लेख नभएको अवस्थामा निवेदकले जिकिर लिएको भएपनि आधार र प्रमाण बेगर श्रेणीको अङ्क दिन मिल्ने कुरा पनि भएन। शैक्षिक उपाधिमा नै श्रेणी नखुलेको अवस्थामा उल्लिखित नियम ८१ग (२) बमोजिम प्राप्ताङ्कको आधारमा त्रिभुवन विश्वविद्यालय वा नेपालको अन्य विश्वविद्यालयले निर्धारण गरेको श्रेणी वा सोसम्बन्धी नीतिअनुसार श्रेणी कायम हुने व्यवस्था रहेको सन्दर्भमा सो नियमको व्यवस्थाविपरीत गएर बढुवा समितिले निर्णय गर्नसक्ने पनि हुँदैन। उक्त नियमको व्यवस्थाबमोजिमको प्रक्रिया पुरा गरि आवश्यक प्रमाण निवेदकले पेस गर्न सकेको अवस्थासमेत नदेखिने।

सन् १९९६ मा रिट निवेदकले अध्ययन गरि प्राप्त गरेको उपाधि वा प्रमाणपत्रको लागि सन् २०१० मा सम्बन्धित विश्वविद्यालयबाट जो जससँग सम्बन्धित छ भन्ने पत्र जारी गराई प्रथम श्रेणी भनेको पाइँदा यस्तो अनिश्चित पत्रको आधारमा उपरोक्त नियमले श्रेणी कायम गर्न मिल्ने देखिँदैन। यस्तो अवस्थामा बढुवा समिति, सामान्य प्रशासन मन्त्रालयको मिति २०६७।०९।२१ को बढुवा सिफारिसको निर्णय र लोक सेवा आयोग केन्द्रीय कार्यालयले निवेदकको उजुरी सुनि बढुवा समितिले गरेको निर्णयलाई नै कायम राख्ने गरि गरेको मिति २०६८।०४।०२ मा भएको निर्णयसमेतमा कुनै कानूनी त्रुटि रहेको देखिन नआउने हुँदा रिट निवेदकको माग दाबीबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बाबुराम सुबेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-००२१, दर्ता फारी, *सिद्धार्थ शमशेर ज.ब.रा. वि. केशवराज ढकाल*

सबै अवस्थामा नापनक्सा हेरेर मात्रै नरमकरम मिल्न सक्दछ भन्ने हुँदैन। बाटो निकास, उब्जाउ, समथर र भिरालो आदि कारणले आवश्यकताअनुसार जग्गा भएकै ठाउँमा गई जग्गाको वस्तुस्थिति बुझेर नरमकरम मिलाउने कार्य गर्नुपर्ने हुन सक्दछ। साथै अदालतले संयुक्त हिस्साको जग्गा नरमकरम मिलाई छुट्याई दिने भन्नुको अर्थ जग्गाको तर्फ समेत आफैंले निर्धारण गर्नुपर्छ भन्ने होइन । के कुनतर्फ रोज्ने भन्ने कुरा पक्षको छनौटको विषय हो । यदि तर्फमा सहमति हुँदैन भने अदालतले पक्षको स्थान ग्रहण गरि यो यसतर्फ यो यस पक्षले पाउने भनि बोल्न हुँदैन र मिल्दैन पनि। यस्तो स्थितिमा जग्गा जति भाग हिस्सा लगाउनु पर्ने हो नरम करम मिल्ने गरि लगाई दिने तर तर्फमा सहमति नभई गोला प्रथाद्वारा तर्फ निर्धारण गर्ने नै प्रचलित न्यायिक प्रक्रिया भएको हुँदा सोहीअनुसार गर्ने गरि भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।६।१० को फैसला सदर हुने हुँदा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१२३१, लेनदेन, *गोपालप्रसाद शाह वि. राजेशकुमार भगत*

वादीले दृष्टिबन्धक लिखतमा उल्लिखित सम्पत्तिमा चलन चलाई पाउने ठहरि भएको फैसला कार्यान्वयन नै हुन नसकि वादीले भोग चलनसम्म पनि नगरेको अवस्था हुँदा आफ्नो ऋण प्रतिवादीबाट असुल उपर गर्न छुट्टै नालिस गर्नै नपाउने भन्न मिल्ने देखिएन । यस्तोमा बन्धकी लिखत कपाली सरह भई वादीले कपालीसरह ऋण असुल उपरमा कानूनी उपचार खोज्न पाउने नै हुँदा दृष्टिबन्धक चलनतर्फ वादीले मुद्दा दायर गरि फैसलाबमोजिम चलन चलाई भोग गर्नसम्म पनि नपाएको अवस्थामा आफूले दिएको ऋण असुलीका लागि कपालीतर्फ मुद्दा दायर गर्ने वादीको हक सुरक्षित नै रहने हुँदा वादी दाबीबमोजिम साँवा ब्याज भराई पाउने ठहर गरि भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०७४५, हातहतियार खरखजाना, *नेपाल सरकार वि. दीपक मण्डलसमेत*

प्रतिवादीहरू दिपक मण्डल, जीवन विष्ट र विवेक खरेल तिनै जनाले जिल्ला प्रशासन कार्यालयमा बयान गर्दा कसुरमा इन्कार रहि बयान गरेका छन् । निज प्रतिवादीहरूमध्ये जीवन विष्टका साक्षी एड्मन भण्डारी र दामोदर कार्की तथा विवेक खरेलका साक्षी अभिषेक श्रेष्ठ र मदनकुमार सेढाईले प्रतिवादीहरूको इन्कारी बयान समर्थन हुने गरि बकपत्र गरेको समेत देखिएको छ। यस स्थितिमा प्रतिवादीहरूको मुद्दा हेर्ने निकायसमक्षको इन्कारी बयान नै समर्थित हुन आएको र मौकाको बयान पुष्टि हुने प्रमाण वादी पक्षबाट पेस भएको नदेखिँदा प्रतिवादीहरू दिपक मण्डल, जीवन विष्ट र विवेक खरेलबाट हातहतियार बरामद नभएको, यी प्रतिवादीहरूको मुद्दा हेर्ने निकाय जिल्ला प्रशासन कार्यालयमा कसुरमा इन्कारी बयान रहेको र सोको समर्थनमा साक्षी बकपत्रसमेत गराएको हुँदा निजहरूको अनुसन्धानको क्रममा भएको बयानलाई अन्य प्रमाणबाट पुनरावेदक वादीतर्फबाट पुष्टि गर्न नसकेको अवस्थामा निजहरूले आरोपित कसुरबाट सफाइ पाउने गरि भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०४६८, उत्प्रेषण, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, *रजिस्ट्रारको कार्यालयमा दर्ता भएको सेन्ट्रल मिडिया प्रा.लि.को तर्फबाट र आफ्नो हकमा समेत नरेन्द्र साह कलवार वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

निवेदकले आफूले सञ्चालन गरेको व्यावसायिक खेलको प्रकृति *Casino* को प्रकृतिभन्दा भिन्न हो भन्ने सम्बन्धमा कुनै कागज प्रमाण रिट निवेदनसाथ पेस गर्न सकेको अवस्था मिसिलबाट देखिदैन । सो अवस्था हुनाको साथै निवेदकले नगर परिषद्को निर्णयलाई बदर गरि माग्न आएको नभई व्यवसाय करको लागि विराटनगर उपमहानगरपालिकाको मिति २०६८।६।२८ को पत्राचारसमेतलाई बदर गरिपाउँ भनि माग गरेको देखिन्छ । नगरपरिषद्बाट भएको निर्णयको अस्तित्व

कायम रहि रहेसम्म सो निर्णयले दाखिला गर्नु पर्ने भनेको व्यावसायिक कर दाखिला गर्ने दायित्वबाट रिट निवेदक कम्पनी मुक्त हुन सक्ने अवस्था रहँदैन । निवेदकले रिट निवेदनमा यस्तै प्रकारको व्यवसाय गरेकामा भिमदत्त नगरपालिका, कञ्चनपुर नगरपालिका, पोखरा उपमहानगरपालिका तथा काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालन गरेकामा उक्त कार्यालयले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४५ बमोजिम नै कर लिएको भनेको भएपनि सो कुरालाई पुष्टि गर्ने कुनै विश्वासनीय लिखत प्रमाण पेस गर्न सकेको नदेखिने।

विराटनगर उपमहानगरपालिकाले निवेदक कम्पनीको प्रकृति समेतको आधारमा नगरपरिषद्को निर्णय अनुसार स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४२ बमोजिम निवेदक कम्पनीबाट कर रकम असुल गर्ने भनि पत्र लेखेको कार्यमा प्रत्यक्षरूपमा कुनै कानूनको त्रुटि विद्यमान रहेको देखिन नआउँदा रिट निवेदकको कुनै संवैधानिक र कानूनी हकको हनन् हुने कार्य विपक्षीहरूबाट भएको नदेखिएको र कानूनबमोजिम निर्धारित भएको करको विषयमा हस्तक्षेप गरिरहनु पर्ने अवस्था नभएकाले रिट निवेदकको माग दाबीबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिएन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बाबुराम सुबेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम्।

## इजलास नं. २

### १

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोपाल पराजुली.,** ०६९-CR-०७९८, लागु औषध (अफिम), *बलबहादुर मगर वि. नेपाल सरकार*

बरामदी लागु औषध खरिद बिक्री एवम् ओसार पसार गरि आर्थिक लाभ लिने उद्धेश्यले यी पुनरावेदक प्रतिवादी समेतको गिरोहले सम्पन्न गरेको देखिन्छ। सबै प्रतिवादीहरू कसुरजन्य कार्यमा सहभागी भई खरिद बिक्रीको कारोबार गर्न ढक, तराजु सहित पक्राउ परेका, सोही समयमा लागु औषध बरामद भएको र निजहरू कसुरमा साबितै रहि अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोराबाट सो कार्य पूर्वयोजनाअनुसार नै भए गरेको भन्ने देखिन आएको र यी पुनरावेदक प्रतिवादीले आफू निर्दोष भएको तथ्य प्रमाणित गराउन नसकेको अवस्था हुँदा सोबाट सिर्जित दायित्वबाट निजले उन्मुक्ति पाउन सक्ने नदेखिँदा पुनरावेदक प्रतिवादीको हकमा सुरू जिल्ला अदालतको फैसला सदर गरि अन्य प्रतिवादीहरू समेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ) (३) बमोजिम १५ वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।१।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम्।

### २

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र ज.ब.रा.,** ०६९-CI-०८३७, अंश, *लक्ष्मी पुन वि. मानबहादुर पुनसमेत*

सबै प्रतिवादीहरूबाट वादीहरूले १० भागको २ भाग अंश पाउने ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसला केही उल्टी गरि वादीहरू, वादीका छोराछोरीहरू र प्रतिवादी मानबहादुर पुन गरि एकासंगोलका ७ अंशियार बाँकी रहेको देखिँदा वादीहरूले प्रतिवादी मानबहादुरको अंश भागबाट ७ भागको २ भाग अंश छुट्टयाई लिन पाउने ठहर गरेको

तर नरमतीको छोरा सुदन र छोरी समीता पुनले बाबु मानबहादुर पुनबाट पाएको ३ भागको २ भाग अंशलाई स्वीकार गरि उक्त फैसला बदर नगरेको हदसम्म पुनरावेदन अदालत, बागलुङबाट भएको मिति २०६९।१।६ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुन्छ। प्रतिवादी नरमती पुनले आफ्नो पति मानबहादुर पुनबाट वादीहरूको फिरादपत्र दायर हुनुभन्दा अगावै अंश लिई छुट्टी भिन्न भइसकेकाले एकासंगोलको अंशियार कायम गर्न मिलेन। त्यसै गरि नरमती पुनको छोरा सुदन पुन र छोरी समीता पुनको संरक्षक भै नरमती पुनले मानबहादुर पुनउपर २०६०।५।७ मा फिराद दिँदा वीरमाया पुनको विवाह भै छोरी सोफीया र छोरा हिकमत पुनसमेत गरि ६ अंशियार कायम गरि ६ भागको २ भाग अंश नरमतीका छोरा सुदन पुन र छोरी समीता पुनको आफ्नो अंश भाग छुट्ट्याई लिन पाउने त्यसपछि मूल अंशियार मानबहादुर जिम्मामा बाँकी रहेको सम्पत्तिबाट वादीहरू वीरमाया पुन, लक्ष्मी पुन, वीरमाया पुनकी छोरी सोफीया पुन र छोरा हिकमत पुन, लक्ष्मी पुनका छोरी सम्झना पुन र छोरा सुसान पुनसमेत गरि एकासगोलका ७ अंशियार बाँकी रहेको देखिँदा पुनरावेदक वादीहरूले प्रतिवादी मानबहादुर पुनबाट ७ भागको २ भाग अंश छुट्ट्याई लिन पाउने।

इजलास अधिकृतः दिलीपराज पन्त, नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०५३७, फैसला बदर, *लक्ष्मी पुन वि. मानबहादुर पुनसमेत*
- ०६९-CI-०५४२, राजीनामा लिखत दर्ता बदर हक कायम, *वीरमाया पुन वि. नरमती पुनसमेत*
- ०६९-CI-०५४०, राजीनामा लिखत दर्ता बदर हक कायम, बागलुङ जिल्ला निसी गा.वि.स.वडा नं.१ बस्ने नाबालक सोफीया पुन र ऐ.ऐ. बस्ने नाबालक हिकमत पुनसमेत जना २ को संरक्षक ऐ.ऐ.बस्ने *वीरमाया पुन वि. नरमती पुनसमेत*
- ०६९-CI-०५४१, फैसला, बन्डा, मुचुल्का, दर्ता स्रेस्तासमेत बदर गरिपाउँ, *लक्ष्मी पुन वि. नरमती पुनसमेत*
- ०६९-CI-०५३८, फैसला, बन्डा, मुचुल्का, दर्ता स्रेस्ता बदर, *लक्ष्मी पुनसमेत वि. नरमती पुनसमेत*

## इजलास नं. ३

**१**

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-१०७४, उत्प्रेषण/परमादेश, *यामबहादुर लिम्बू वि. जिल्ला तेह्रथुम, थोक्लुङ्ग गाउँ विकास समिति वडा नं. ४ स्थित श्री काशीनाथ निम्न माध्यमिक विद्यालय, याङ्गखुवासमेत*

तत्कालीन प्र.अ. श्री जयप्रसाद उप्रेतीको अनिवार्य अवकाश हुने भएकाले विद्यालयलाई प्र.अ. विहीन हुन नदिन मिति २०६८।४।२२ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि नि.प्र.अ. भई विद्यालय सञ्चालन गर्न रामबाबु यादवलाई अधिकारपत्र दिएको मिसिल संलग्न कागजातबाट देखिन्छ। यो निर्णयलाई विद्यालय व्यवस्थापन समितिले २०६८।५।५ अनुमोदन गरेको देखिन्छ। निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित निकायमा उजुरी गर्नु पर्नेमा कहीँ उजुर गरेको देखिँदैन। २०६८।४।२२ को निर्णय बदर गर्न पुनरावेदकले २०६९।१।२९ मा जिल्ला शिक्षा कार्यालयमा निवेदन दिएको भनेका छन् भने सो निर्णय गैरकानूनी हो भनि बदर गर्न २०६९।६।१२ मा मात्र अदालतमा निवेदन दिएको देखिन्छ। २०६९।६।१२

मा निवेदन दिँदा विलम्ब गरि निवेदन दिनुपर्ने कुनै मनासिब कारण निवेदकले निवेदनमा उठाएको देखिँदैन । यो समयको बिचमा नि.प्र.अ. रामबाबु यादवको अध्यक्षतामा मिति २०६४।२।२१ मा बसेको बैठकमा निवेदक पनि उपस्थित भई विभिन्न निर्णयहरू गरेको देखिन्छ । *चन्द्रकान्तीदेवी थरूनी विरूद्ध द्वारिकाप्रसाद यादवसमेत* भएको *ने.का.प. २०४९ अङ्क ९ निर्णय नं.४६२१ मुद्दा उत्प्रेषणमा* मौकामा आफ्नो हक अधिकार प्रति जागरूक नभई धेरै समयको अन्तरालपछि धेरै विलम्ब गरि रिट निवेदन परेको र विलम्ब हुनुको उचित र मनासिब कारणसमेत देखाउन नसकेको हुँदा प्रस्तुत निवेदन खारेज हुने भनि यसै अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइने।

पुनरावेदकले रिट क्षेत्रमा हदम्याद र विलम्बको सिद्धान्त लागु हुँदैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा द्वारिकामान सिंह प्रधान विरूद्ध नेपाल बैंक लिमिटेड समेत भएको ने.का.प.२०६१ अङ्क ११ निर्णय नं.७४५६ मा विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्थित भएको सिद्धान्त नभै, अदालतले मुद्दा मामिलामा उचित न्याय (Equitable *Justice)* गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त हुनाले आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई पनि कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुने।

विलम्बको सिद्धान्त हदम्यादको सिद्धान्त होइन । हदम्यादसम्बन्धी कानूनी व्यवस्था जस्तो समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गर्न हुँदैन। यसको लागि समय तत्त्व (Time factor) निश्चय नै महत्त्वपूर्ण हुन्छ तर समय तत्त्व नै एकमात्र निर्णायक तत्त्व नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको देखिने।

पुनरावेदकले आफ्नो पुरावेदनमा म एक अनुशासित शिक्षक भएको नाताले विद्यालयको हितको प्रयोजनको लागि बैठकमा उपस्थित भएको भनिए तापनि उक्त बैठकमा उपस्थित भई सहमत जनाई सकेपछि म सहमत थिइनँ भनि असहमत जनाउने नमिल्ने भनि प्रमाण ऐन, २०३१को *दफा ३४ विवन्धनः- (१) कुनै व्यक्तिले लेखेर, बचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारि वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बिचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनि निजले खण्डन गर्न पाउने छैन।*

*तर कानूनी बुँदामा यो दफा लागू हुने छैन।*

*२) उपदफा (१) मा उल्लेख भएका कुराहरू सो उपदफामा उल्लेख भएका व्यक्तिहरूबाट मुद्दासम्बन्धी विषयवस्तुमा कुनै प्रकारको हक प्राप्त गर्ने व्यक्तिलाई समेत लागू हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।* उल्लिखित कानूनी व्यवस्थाबाट एक अनुशासित शिक्षक भएको नाताले विद्यालयको हितको प्रयोजनको लागि बैठकमा उपस्थित भएको भन्न मिल्ने नदेखिने।

माथि विवेचित आधार र कारणहरूबाट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । तसर्थ, निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुन नसक्ने ठहऱ्याई निवेदन खारेज गर्ने गरि पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६९।१०।०२ मा भएको आदेश मिलेकै देखिँदा सदर हुन्छ। पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-११४३, निषेधाज्ञा, *ठग्गा थारू वि. गंगाराम थारूसमेत*

*एकपटक अन्तिम भएर बसेको फैसला पुनः रिट क्षेत्रबाट उपचार खोजिनु फैसला अन्तिमताको*

*सिद्धान्तसमेत विपरीत हुन जान्छ* । एकपटक मोही लगत कट्टा हुने गरि गरेको फैसला भैसकेकाले पु:न सोही विषयमा घुमाउरो तवरबाट मोही लगत कट्टाको निर्णयलाई असर पर्ने गरि रिटको रोहबाट हेर्न मिल्ने नदेखिँदा निषेधाज्ञा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिन आउँदा भूमिसुधार कार्यालय, बर्दियाबाट मिति २०५०।११।१० मा निवेदकको मोही हक कट्टा हुने गरि निर्णय भइसकेको हुँदा निषेधाज्ञाको आदेश जारी गर्नु नपर्ने भन्ने पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल चैत २४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-०७८४, मोही हक कायम, मोहियानी नामसारी गरि प्रमाणपत्र पाउँ, *फूलोदेवी यादव वि. रामशोभित ठाकुर*

विपक्षी वादीले मोहीको १ नं. लगत र २ नं. अनुसूची प्रकाशन भएको स्रेस्तामा जनिएको जग्गाधनीमा विसरभोरा जिल्ला धनुषाअन्तर्गत बस्ने रामसखी वती भनि उल्लेख गरेको देखिन्छ । प्रतिवादी फुलोदेवी यादवको दाताको दाता अर्थात् कि.नं. ८४ का साबिक जग्गाधनी जिल्ला महोत्तरी परिकौली फुलहट्टा गा.वि.स. वडा नं. ९ मा बस्ने रामसखी देवी देखिएको छ । विपक्षी वादीले मोहीको १ नं. लगत भरेको र २ नं. अनुसूची प्रकाशन भएको जग्गाधनीको नाम वतन तथा कि.नं. ८४ का साबिक जग्गाधनीको नाम र वतनसमेत फरक फरक रहेको देखिएकाले उक्त जग्गाको मोही भनि मान्न मिल्ने देखिएन । सर्वे नापीमा उक्त कि.नं. ८४ को फिल्डबुकमा मोही जनिएको नदेखिएको र दाबीको जग्गाको १ नं. लगत र २ नं. अनुसूची प्रकाशन भएको भए ४ नं. जोताहाको अस्थायी निस्सा प्राप्त गरेको हुनु पर्नेमा सो निस्सा प्राप्त भएको नदेखिनुका साथै वादीका पिताले नै आफ्नो जीवनकालमा साबिक जग्गाधनीका नाउँमा नालेस उजुर गरि मोही कायम हुन गराउन सकेको पनि देखिएन । ***एउटा वडामा जग्गा रहेको र अर्को वडामा २ नं. अनुसूची प्रकाशित भएको स्थितिमा मोहीको प्रमाण पत्र दिन मिल्दैन*** भनि *ने.का.प.* २०५४, अंक ४, नि.नं. ६३५३, पृष्ठ २०६ वुधन साहु सुडी विरूद्ध जमुना मण्डल केवट भएको मोही मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको छ । प्रस्तुत मुद्दाको विषय वस्तुको उठानको प्रकृति र उल्लिखित यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा जिल्ला धनुषा दुवरीकोट हथलेटवा गा.वि.स. वडा नं. ५ कि.नं. ८४ को ०-३-१० जग्गाको प्रत्यर्थी वादी मोही मान्न मिल्ने देखिन नआउने हुँदा जिल्ला धनुषा दुवरीकोट हथलेटवा गा.वि.स. वडा नं. ५ कि.नं. ८४ को जग्गाको मोही प्रत्यर्थी वादी रामशोभित ठाकुर भएको देखिन नआएकाले वादीको नाउँमा मोही नामसारी हुने भनि भूमिसूधार कार्यालय, धनुषाबाट भएको निर्णय सदर हुने ठहरि भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।७।८ गतेको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१३२३, उत्प्रेषण/परमादेश, *राजु के.सी. वि. प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

सम्बन्धित निकायबाट मुद्दा नचलाउने निर्णय

भएबाट रिट निवेदक कार्यालयमा कामकाज गर्न गएकामा स्वतः निलम्बन अवधिको तलब, भत्ता तथा राशनसमेत नपाउने गरि मिति २०७०।२।२ मा प्रहरी प्रधान कार्यालयबाट निर्णय भएबाट सो निर्णयबाट निवेदक कुनै विभागीय कारवाहीको सिलसिलामा निलम्बनमा रहेको नभई सवारी ज्यान मुद्दाको अनुसन्धानको क्रममा हिरासतमा रहन गएको र निजउपर मुद्दा नचलाउने भनि सम्बन्धित निकायबाट निर्णय भएको देखिन्छ । यस अवधिमा निजलाई कुनै फौजदारी अभियोग प्रमाणित वा अन्य विभागीय कारवाहीसमेत नभएको भनि प्रहरी प्रधान कार्यालयसमेतको लिखित जवाफमा रहेको देखिने।

प्रहरी नियमावली, २०४९ को नियम ८९ (६) को प्रतिबन्धात्मक वाक्यांश (क) मा निलम्बित कर्मचारीउपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्वन रहेको अवस्थामा पुरै तलब वृद्धि हुने भएमा सोसमेत पाउने छ। कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन भनि स्पष्ट उल्लेख भएबाट कुनै फौजदारी अभियोगको क्रममा दाबी प्रमाणित भएको वा अन्य विभागीय कारवाही भएको कर्मचारीको हकमा मात्र यस्तो निर्णय मान्य हुने तर निज निवेदकको अवस्था त्यस्तो कुनै नदेखिएकाले निवेदकले आफ्नो पदमा कार्यरत् रहँदाको समयमा मिति २०७०।१।२ गतेबाट मिति २०७०।१।१९ गतेसम्म अनुसन्धानको क्रममा निवेदक प्रहरी हिरासतमा रहेको देखिएको र सेवा अवधिले निरन्तरता पाएकामा सो अवधिको तलब भत्ता तथा रासन सुविधासमेत नपाउने गरि प्रहरी प्रधान कार्यालयका प्रहरी महानिरीक्षकबाट मिति २०७०।२।२ मा भएको सो हदसम्मको निर्णय उत्प्रेषणको आदेशले बदर गरि दिएको छ। निवेदकलाई प्रहरी नायब निरीक्षक पदमा कार्यरत रहँदाको समयमा मिति २०७०।१।२ बाट मिति २०७०।१।१९ गतेसम्म निलम्बनमा रहेको अवधिको तलब, भत्ता र रासन उपलब्ध गराउनु भनि विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-००१९, लागु औषध ब्राउन सुगर, *सीता पुन वि. नेपाल सरकार*

लागु औषधको अनुसन्धान तहकिकातको सिलसिलामा कुनै पनि घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिका सदस्य वा त्यस ठाउँको एक जना भलादमी वा कुनै अर्को सरकारी कार्यालयका एक जना कर्मचारीलाई साक्षी राख्नुपर्ने भनि व्यवस्था रहेबाट खानतलासी गर्दा समयले भ्याएसम्ममात्र उक्त व्यक्तिहरूलाई खानतलासीको मुचुल्कामा साक्षीमा राख्नुपर्ने भन्ने देखिन्छ । त्यसैगरि सोही दफाको प्रतिबन्धात्मक वाक्याशंमा उल्लिखित व्यक्तिहरूको रोहबरमा मुचुल्का तयार गर्न प्रयास गर्दा पनि त्यस्ता व्यक्तिहरू उपलब्ध नभएको उचित आधार भएमा कम्तीमा दुईजना औषध अनुसन्धान अधिकारी वा कम्तीमा दुईजना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारीको रोहबरमा मुचुल्का तयार गर्न सक्ने नै देखिने।

बरामदी मुचुल्कामा जम्मा ५ जना व्यक्तिहरूलाई साक्षीमा राखिएको देखिन्छ। पाँच जना साक्षी राखिएको अवस्थामा स्थानीय भलादमीलाई रोहबरमा राख्न प्रयास गरिएन होला भनि अनुमान गर्न सकिने अवस्था देखिन नआएको हुँदा प्रस्तुत मुद्दाको बरामदी मुचुल्कामा कानूनले तोकिदिएका प्रतिनिधि राख्न नसकेको कुरालाई अन्यथा भन्न नमिल्ने।

बरामदी मुचुल्कामा पुनरावेदक प्रतिवादीले रोहबरमा बसी ब्राउन सुगर लगायतका वस्तुहरू

आफ्नो घरबाट बरामद भएको स्वीकार गर्नु, अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा आफूले लागु औषध ब्राउन सुगर बिक्री गर्ने गरेको भनि गरेको साबिती बयान, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट भएको परीक्षण प्रतिवेदन तथा विष्णु गुरूङले अदालतमा आई गरिदिएको बकपत्रसमेतका आधार प्रमाणहरूबाट बरामद हुदाका बखतसँगै बरामद भएका अन्य सामानहरू आफ्नै घरबाट बरामद भएको भन्ने कुरालाई स्वीकार गरि केबल लागु औषध ब्राउन सुगर बरामद भएको होइन भनि इन्कार गरेको पुनरावेदक प्रतिवादीको इन्कारी बयानलाई कसुरमा इन्कार भएको भनि मान्न सकिने अवस्था नभएको हुँदा पुनरावेदन अदालत, पोखराबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने हुँदा पुनरावेदक प्रतिवादी सीता पुनलाई सुरू कास्की जिल्ला अदालतले लागु औषध हिरोइन खरिद बिक्री गर्ने गरेको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(२)(१) बमोजिम १० वर्ष कैद र रू.७५,०००।– जरिवाना गर्ने ठहरि भएको फैसलालाई सदर गर्ने गरि भएको पुनरावेदन अदालत, पोखराको मिति २०६७।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल जेठ २० गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०१६०, कर्तव्य ज्यान, *नरवीर पुन वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मृतक रामबहादुर खत्रीको टाउकामा फरूवाले प्रहार गरि मारेको कुरामा अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत साबित भई अदालतलाई न्याय सम्पादनमा सहयोग गरेको, मृतक र पुनरावेदक प्रतिवादीबिच मर्नु मार्नेसम्मको कुनै पूर्व रिसइवी रहे भएको नदेखिएको, सामान्य लेनदेनको विवादको विषयलाई लिएर मादक पदार्थ सेवन गरेको अवस्थामा तत्काल रिस उठि नजिकै रहेको फरूवाले मृतकको टाउकामा एक पटकमात्र प्रहार गरेको अवस्थालाई विचार गर्दा पुनरावेदक प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने हुँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्षको कैद सजाय हुने गरि व्यक्त गरेको पुनरावेदन अदालत, तुलसीपुरको रायसमेतलाई अन्यथा भन्न नमिल्ने हुँदा पुनरावेदक प्रतिवादी नरवीर पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहरि ऐ. को अ.बं. १८८ नं. बमोजिम १० वर्षको कैद सजाय हुने गरि व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल जेठ २० गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-१०८२, नक्कली शैक्षिक प्रमाणपत्र (भ्रष्टाचार), *रूद्रबहादुर वली वि. नेपाल सरकार*

प्रतिवादीको निवेदन मागअनुसार निजले पेस गरेको प्रमाणपत्र सम्बन्धमा विशेष अदालतबाट समेत पुनः प्रमाणीकरणको लागि पठाउँदा निजको प्रमाणपत्र "अनुदानित नहीं है" भनि आधिकारिक अभिलेख रहने निकाय मा.शि.प.क्षे.का. वाराणसीबाट लेखि आएको हुँदा यी प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र विधिवत्रूपमा परीक्षा दिई उत्तीर्ण गरेको नभै नक्कली रहेको पुष्टि हुन आउने हुँदा प्रतिवादी रूद्रबहादुर वलीले साबिक भ्रष्टाचार निवारण ऐन,

२०१७ को दफा १२ को कसुर गरेको ठहराई निजलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँचसय) जरिवाना गर्ने गरेको विशेष अदालत, काठमाडौंको मिति २०६८।७।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असोज १९ गते रोज ३ शुभम्।

## इजलास नं. ४

### १

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०४७९, ०७१-RC-०१३७, कर्तव्य ज्यान, *मनोज परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. बद्री श्रेष्ठ*

प्रतिवादीहरू मनोज परियार र बद्री श्रेष्ठले दशैं मनाउन सम्पत्ति प्राप्त गर्ने उद्देश्यले अभिप्रेरित भई सुन्तलीलाई मार्ने पूर्व सल्लाह गरि तयारीका साथ खुकुरी र खुँडा लिई वारदातमा उपस्थित भई प्रतिवादी मनोज परियारले जोखिमी धारिलो हतियार खुकुरीले गर्दन जस्तो मर्मस्थलमा प्रहार गरि कर्तव्य गरि हत्या गरेको मिसिलबाट देखिँदा यस्तो अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को कानूनी व्यवस्था आकर्षित हुन सक्ने अवस्था रहँदैन। प्रतिवादी मनोज परियारलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुरूपको सजाय हुने अवस्था देखिने।

प्रतिवादी बद्री श्रेष्ठले दशैं मनाउन सम्पत्ति प्राप्त गर्ने उद्देश्यले अभिप्रेरित भई मृतक सुन्तली बि.क.लाई मार्ने मनसायले पूर्व सल्लाहअनुसार प्रतिवादी मनोज परियारलाई तँ हान् भनि धारिलो खुकुरी दिनुको अतिरिक्त बचन दिई आँगनमा महजुद रहि सुन्तली वि.क.लाई मार्न संयोग पारिदिएको मिसिल संलग्न प्रमाणहरूबाट देखिएको अवस्थामा यी प्रतिवादी बद्री श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

प्रतिवादी मनोज परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी बद्री श्रेष्ठलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदसमेत हुने ठहर्‍याएको सुरू धादिङ जिल्ला अदालतको मिति २०६५।१०।२ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।९ को फैसला मिलेकै देखिँदा साधकसमेत सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम्।

### २

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१५३६, अपहरण तथा शरीर बन्धक एवम् कर्तव्य ज्यान, *नेपाल सरकार वि. ज्ञानबहादुर लामासमेत*

कुटपिटको कर्तव्यबाट कसैको मृत्यु होला भन्ने स्पष्ट देखिएको अवस्थामा ज्यानसम्बन्धीको महलको ५ नं. अनुरुप भवितव्यको वारदात नहुने हुँदा ऐ. को ६ नं. अनुरूप कुटपिट गरि भवितव्य परेको भन्न मिल्ने नदेखिने।

शरीरको संवेदनशील स्थान टाउको छातीलगायतका विभिन्न ठाउँमा पटकपटक प्रहार भएको क्रियाबाट मान्छे मर्छ भन्ने पूर्वअनुमान (Fore see) हुने देखिँदा निजमा दुराशय (Malice) रहेको प्रस्ट देखिएको छ। तसर्थ प्रतिवादीले चोट छाडेको प्रकृतिको आधारबाट निजले मृतकको ज्यान मार्ने

कुटपिटलगायतको गैह्र कार्य गरेको हुँदा प्रस्तुत वारदात ज्यानसम्बन्धीको महलको १३ (३) नं. अनुरूपको हुँदा निज ज्यानमारा ठहरिने देखिन आयो । मृतक छिरिङ प्रेम भन्ने विवेक थापाको मृत्यु यी प्रतिवादी ज्ञानबहादुर लामाको कर्तव्यबाट भएको मिसिल प्रमाणबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी ज्ञानबहादुर लामालाई ऐ. महलको १३(३) नं. बमोजिम सजाय हुने देखिने ।

प्रतिवादी दिपेन लामाका साक्षी छेवाङ लामा, जयबहादुर लामा, प्रतिवादी मनकुमारी लामाका साक्षी पासाङ शेर्पा, दिनेश भट्टराईसमेतले यी प्रतिवादीहरूको वारदातमा कुनै संलग्नता नरहेको हुँदा निजहरूलाई सजाय हुनुपर्ने होइन भनि प्रतिवादीहरूको इन्कारी बयानलाई पुस्टि र समर्थन हुने गरि बयान गरेको देखियो । वादी पक्षका साक्षी राजेन्द्रराज नेपाल र सनमान लामाले घटनाका बारेमा सुनेर थाहापाएको हो, उक्त घटना देखेको होइन भनि अदालतमा बकपत्र गरेको हुँदा निजको भनाई पनि प्रमाण ग्राह्य हुने देखिन आएन । तसर्थ प्रतिवादीहरू मनकुमारी लामा र दिपेन लामालाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालतसमेतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

प्रतिवादी ज्ञानबहादुर लामाले मृतक छिरिङ प्रेम भन्ने विवेक थापालाई चोरको आरोपमा पक्राउ गरि हात, मुक्का र काठको दाउराले पटकपटक टाउकोलगायत शरीरका विभिन्न भागमा कुटपिट गरि कोठामा राखेको सम्म देखिन्छ । मृतकलाई बन्धक राख्ने उद्वेश्य र मनसायले कोठामा राखेको देखिँदैन । निजलाई कोठामा राख्दा फिरौती लिने दिने वा प्रतिवादीहरूको निजी कुनै स्वार्थ पूर्ति गर्ने गरि सर्त राखेको पनि देखिँदैन । यी प्रतिवादीहरू र मृतकका बिच शरीर बन्धक बनाउनु पर्नेसम्मको पूर्व रिसइवी, इविलाग, योजना, मनसाय तथा तयारी केही रहे भएको मिसिल प्रमाणबाट नदेखिँदा मृतक छिरिङ प्रेम भन्ने विवेक थापालाई बन्धक बनाएको नदेखिँदा चोरीको आशङ्कामा मृतकलाई नियन्त्रण, लिई बन्धक बनाइयो भन्नेतर्फको पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

अपहरण तथा शरीर बन्धकतर्फ वादी दाबी नपुग्ने र कर्तव्य ज्यानतर्फ प्रतिवादी मनकुमारी लामा र दिपेन लामालाई अभियोग दाबीबाट सफाई दिई प्रतिवादी ज्ञानबहादुर लामालाई ज्यानसम्बन्धीको महलको ६(४) नं. बमोजिम भवितव्यमा सजाय हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।३।१६ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२८ को फैसला केही उल्टी भई प्रतिवादी ज्ञानबहादुर लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादी ज्ञानबहादुर लामाको मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, इवीलाग, आपसी लेनदेन तथा मनमुटावको अवस्था देखिँदैन । घटनाको अवस्था, परिस्थिति र उपचारमा पुर्‍याएको सहयोगसमेतका आधारमा प्रतिवादीलाई ऐनबमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादी ज्ञानबहादुर लामालाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कम सजाय गर्नुपर्ने देखिन आयो । अब प्रतिवादीलाई के कति कम सजाय गर्नुपर्ने हो भन्ने सम्बन्धमा बिचार गर्दा मृतकलाई कर्तव्य गरि हत्या गर्नुपर्नेसम्मको पूर्व रिसइवी इवीलाग केही प्रतिवादीको रहेको देखिँदैन । प्रतिवादीले मृतकलाई लात मुक्का र दाउराले प्रहार गरेको देखिन्छ । साधारण अवस्थामा यस्तो लात मुक्का वा दाउराले हान्दा ज्यान गएमा ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद हुन सक्ने पनि हुन्छ । तर पटकपटक प्रहार भएको कारणबाट ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिमको कसुर र सजाय ठहरिएको अवस्था छ । तसर्थ प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं. अनुरुप हुनसक्ने सजाय १० (दश) वर्षभन्दा

माथि तथा ऐ.को १३(३) नं. अनुसार हुन सक्ने कैद २० (बीस) वर्षभन्दा कम सजाय गर्नु उचित हुने देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई कुटपिट गरि डोरीले बाँधेको समेत देखिँदा बिचको १५(पन्ध्र) वर्ष कैद सजाय गर्नु न्यायोचित हुने देखिन आयो । तसर्थ अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुने ठहर्छ। अ.बं.१८८ नं. बमोजिम प्रतिवादी ज्ञानबहादुर लामालाई १५ (पन्ध्र) वर्ष कैद हुने ठहर भएकाले सर्वस्व गरि रहनु नपर्ने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल पुस १४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०८३६, ०६९-RC-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जोक्सन राईसमेत, नेपाल सरकार वि. जोक्सन राई*

प्रतिवादी जोक्सन राईले रक्सीले मातेका अवस्थामा मोबाइल हराएको सम्बन्धी विषयमा मृतकसँग भनाभन हुँदा साथमा रहेको धारिलो हतियार खुकुरीले मृतक दिनेश राईलाई प्रहार गरि मारेको हुँ भन्ने मौकामा र अदालतमा समेत कसुरमा साबित भई बयान गरेको र शव परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न कागजबाट प्रतिवादी जोक्सन राईको कर्तव्यबाट मृतक दिनेश राईको मृत्यु भएको तथ्यमा विवाद रहेको देखिएको छैन । प्रतिवादी जोक्सन राईलाई वादी दाबीअनुसार नै सर्वस्वसहित जन्मकैद सजाय हुने गरि जिल्ला तथा पुनरावेदन अदालतहरूबाट भएको फैसला सो हदमा मिलेकै देखिन आउने।

प्रतिवादी जोक्सन राईले मौकामा एवम् अदालतमा बयान गर्दासमेत घटना हुँदा प्रतिवादी कृष्ण पाण्डेको उपस्थिति रहेको भनि पोल गर्न सकेको देखिएको छैन। प्रहरीमा कागज गर्ने मौकामा बुझिएका र घटनास्थल मुचुल्काका कुनै पनि मानिस प्रत्यक्षदर्शी रहेका छैनन्। प्रस्तुत वारदातमा प्रहरीमा कागज गरि अदालतमा बकपत्र गर्ने कुनै पनि व्यक्ति प्रत्यक्षदर्शी नभएको हुँदा निजहरूको प्रतिवादी कृष्ण पाण्डेउपरको पोल ग्रहण गर्न मिल्ने देखिन आउँदैन । यसप्रकार मिसिल संलग्न कुनै पनि प्रमाण कागजबाट मृतक दिनेश राईको कर्तव्यमा प्रतिवादी कृष्ण पाण्डे मतलबमा पसेको नदेखिएको हुँदा निजउपरको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. को कसुरबाट निज कृष्ण पाण्डेलाई सफाइ दिने ठहर्‍याएको जिल्ला तथा पुनरावेदन अदालतको फैसला सो हदमा पनि मिलेकै देखिन आउने।

पुनरावेदन अदालतबाट अ.बं.१८८ नं. अनुरूप प्रतिवादी जोक्सन राईलाई कैद वर्ष बाह्रको राय लगाएको देखिन्छ । उक्त राय लगाएउपर पनि वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखियो । अ.बं.१८८ नं. को प्रयोग न्यायकर्ताको तजबिजी अख्तियारीबाट गरिन्छ। सर्वस्वसहित जन्म कैद गर्दा वा जन्म कैद गर्दा प्रतिवादीलाई सजाय चर्को पर्ने न्यायकर्ताको चित्तमा लाग्नु नै पर्याप्त हुन्छ। केवल आफ्नो रायमा चित्तमा लाग्ने आधारहरू उल्लेख गर्नुपर्ने न्यायिक सोच र परिपाटी हो। यस्तो अ.बं. १८८ नं. को प्रयोग मुद्दाको पक्षको अधिकारको कुरा होइन। यो न्यायकर्ताको तजबिजी अख्तियारी हो । यस्तो राय पुनरावेदन नपरे पनि कानूनबमोजिम सर्वोच्च न्यायिक निकायसम्म आई जाँच नभएसम्म लागू हुन सक्दैन । कानून र तथ्यको आधारमा पूर्ण न्याय प्रदान गर्ने निकाय सर्वोच्च अदालतबाट कानूनले तोकेको प्रक्रियाअनुसार निरूपण हुने विषयमा वादी नेपाल सरकारबाट अ.बं. १८८ नं. अनुरूपको रायलाई पुनरावेदनको विषय र जिकिर बनाई आएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतक र प्रतिवादी जोक्सन राईबिच पूर्वरिसइवी नभई हार्दिकपूर्ण सम्बन्ध रहेको छ। छाप्री सुनसान छ । दुवैजना नै अत्यधिक रक्सी सेवनले

मात्तिएका छन् । प्रतिवादीको उमेर पनि २० वर्षको रहेको पाइन्छ । मृतक र प्रतिवादीको घटना हुनुभन्दा अघिको बसाई र रक्सी सेवनको क्रम हेर्दा कति खाने के गर्ने भन्नेसमेतका चेतनाका कुरालाई दुवैले गुमाएको स्थिति छ । घटनाको उक्त चित्रणबाट मृतक र प्रतिवादीबिच नशाका सुरमा मोबाइलको विषयमा भनाभन भई प्रतिवादी जोक्सन राईको खुकुरीको प्रहारबाट मृतकको मृत्यु हुन गएको देखिन्छ। घटनाको वारदात स्थिति, प्रतिवादीको उमेर तथा मृतकसँग घटनापूर्व भएका व्यवहार जस्ता क्रियाकलापको अध्ययनसमेतबाट खुकुरीको प्रहारलाई मुख्य कानूनी प्रमाणको रूपमा ग्रहण गरि प्रतिवादी जोक्सन राईलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भई न्यायको रोहमा अनुपयुक्त दण्ड हुन जाने देखिन आउने।

मार्नसम्मको रिस नभई कुनै तयारी पनि नभई रक्सीको मातमा खुकुरी प्रहार गर्दा ज्यान गएको देखिँदा तत्कालको रिसको आवेशमा आई हत्या भएको अवस्था छ । आवेशप्रेरित हत्यामा ज्यानसम्बन्धीको महलको १४ नं. अनुरूप १० वर्ष कैद हुने हुन्छ । तर, यहाँ धारिलो हतियारको प्रयोग र पटकपटक प्रहार भएको कारणबाट ज्यानसम्बन्धीको महलको १४ नं. लाग्न नसक्ने हुँदा ऐ.को १३(१) अनुरूपको कसुर र सजाय ठहर भएको देखिन्छ । यस्तो अवस्थामा अ.बं.१८८ नं. अनुरूप सजाय गर्दा कैद वर्ष १० भन्दा माथि र जन्मकैद वर्ष २० भन्दा तल बिचमा पारिनु उचित हुन्छ । प्रतिवादीलाई पुनरावेदन अदालतले १० वर्षभन्दा माथि कैद वर्ष १२ गरेको देखिँदा उक्त लगाइएको राय यथोचित भई रहेको देखिन आउने।

प्रतिवादी जोक्सन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुरूप भएको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्ने भनि पुनरावेदन अदालत, धनकुटाले १२ वर्ष सजाय हुन व्यक्त गरेको रायलाई यस इजलासले न्यायको रोहमा उपयुक्त र मनासिब देखेको हुँदा उक्त अ.बं.१८८ नं. अनुरूपको राय पनि मिलेकै देखिन आउँदा प्रतिवादीहरू जोक्सन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरि अ.बं.१८८ नं. अनुरूप १२ वर्ष सजाय गर्ने र प्रतिवादी कृष्ण पाण्डेले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरि पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६८।५।२० मा भएको फैसला मिलेको देखिँदा साधकसमेत सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर ८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-०५४६, उत्प्रेषण, *नागेन्द्र मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सर्लाहीसमेत*

न्याय प्राप्तिको वैकल्पिक मार्ग रहे भएसम्म निवेदकले सोही वैकल्पिक उपचारको मार्गद्वारा कानूनी उपचार खोज्नु पर्दछ । तर, यी रिट निवेदकले उक्त वैकल्पिक उपचारको मार्ग अबलम्बन नगरि यस अदालतको रिट क्षेत्राधिकार ग्रहण गरि प्रस्तुत रिट निवेदन दायर गरेको देखियो । पुनरावेदन अदालत, जनकपुरबाट रिट निवेदन खारेज हुने ठहर्‍याएको विषयलाई रिट निवेदन व्यहोरामा उल्लेख नै नगरि पर्न आएको प्रस्तुत निवेदन सफा हातले यस अदालतमा प्रवेश गरेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-०७५१, उत्प्रेषण, सप्तरी जिल्ला रौतहट गा.वि.स. र ऐ.ऐ.गाउँ परिषद् सदस्य मो.सफिक अहमदसमेतको अख्तियारी प्राप्त आफ्ना हकमा समेत ऐ.गा.वि.स.का सचिव तथा गाउँ परिषद्का अध्यक्ष *कपिलेश्वर साह वि. चन्द्रकुमार दास*

ऐनले जुन निकाय वा अधिकारीलाई जे काम गर्ने अधिकार प्रदान गरेको छ, सोही निकाय वा अधिकारीले ऐनले दिएको अधिकारमा सीमित रहि कार्य गर्नुपर्ने।

एकातर्फ निवेदकलाई गोश्वारारूपमा सेवाबाट हटाइएको जानकारी मात्र भनि पत्र दिएको छ भने अर्कोतर्फ गाउँ परिषद्लाई सेवाबाट हटाउने निर्णय गर्ने अधिकार रहे भएको देखिँदैन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २(क) ले स्थानीय निकायको रूपमा गाउँ परिषद् पर्ने भनि परिभाषितसमेत गरेको पाइँदैन। कानूनले तोकेको अधिकार क्षेत्रभन्दा बाहिर गई निवेदकको नियुक्ति बदर गर्ने गरेको गाउँ परिषद्को निर्णय कानूनसम्मत् देखिन नआउने हुँदा निवेदक चन्द्रकुमार दास रौतहट गा.वि.स.को रा.प. अनङ्कित तृतीय श्रेणीको सहायक स्तर (मुखिया) पदमा नियुक्ति भएकामा निजको सेवाबाट हटाउनुपूर्व स्थानीय स्वायत्त शासन ऐनले तोकेका प्रक्रिया पूरा गरि नियुक्ति बदर गरेको नपाइएकाले निवेदकलाई सेवाबाट हटाउने भनि गाउँ परिषद्को मिति २०६७।९।३० को निर्णय र सोही निर्णयका आधारमा मिति २०६९।५।२० मा नियुक्ति बदर गरिएको जानकारीको पत्र समेतलाई उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।२।५ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः लोकनाथ पराजुली

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-०७५२, परमादेश, *कपिलेश्वर साह वि. चन्द्रकुमार दास* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-१०७०, निषेधाज्ञा, *रामसुन्दर सदासमेत वि. रविन्द्र सिंह राजपुत*

निवेदकले कि.नं. २८०, २८१ र २८३ को जग्गामा रहेका पोखरी भोग चलन गरेबापत छिन्नमस्ता गाउँ पञ्चायतलाई मिति २०४०।९।२५ का रू. ४६५ र छिन्नमस्ता गा.वि.स. लाई मिति २०६३।६।२४ मा रू. २,५५०।– दस्तुर बुझाई मिति २०५६ देखि २०६५ असार मसान्तसम्मको लागि चलन पुर्जी पाएको देखिन्छ। मिति २०६९।६।१० मा सोही गा.वि.स. लाई रू.७७५।– दस्तुर बुझाई मिति २०६९ साउनदेखि २०७४ असार मसान्तसम्मको चलन पुर्जी पाएको मिसिलबाट देखिन आउँने।

विधिसम्मत् भोगलाई विधिसम्मत् तवरले चुनौती दिनु पर्ने हुन्छ। विधि र प्रक्रिया नपुऱ्याई बलपूर्वक वैध भोगलाई अतिक्रमण गर्न मिल्ने छुट कसैलाई हुँदैन। कानूनी राज्यमा विधिसम्मत् तवरबाट नै हक वा भोगको प्राप्ति हुन्छ। पुनरावेदक विपक्षीहरूको विधिसम्मत् तवरबाट विवादित जग्गाहरूमा हक वा भोग केही पनि नरहेको अवस्थामा प्रत्यर्थी निवेदकको विधिसम्मत् भोगलाई पुनरावेदकहरूले हस्तक्षेप गर्न मिल्दैन। तसर्थ, प्रस्तुत मुद्दामा निवेदकले जिकिर लिएको जग्गामा रहेको पोखरी र फलफूल बोटबिरूवा उपभोग गरेबापत तोकिएको दस्तुर भुक्तानी गरि चलन पुर्जी प्राप्त गरिसकेको देखिएको जग्गामा रहेका पोखरी, त्यसमा रहेका माछा तथा फलफूलका बोटबिरूवामाथि अतिक्रमण गर्न मिल्ने देखिन नआउने।

कि.नं. ३६८ र कि.नं. ३६९ को जग्गा श्री ५ को सरकारको नाउँमा दर्ता भएको मिसिल संलग्न

जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन्छ भने पुनरावेदन अदालत, राजविराजको आदेशमा पनि कि.नं. ३६८ र ३६९ का सम्बन्धमा कुनै आदेश दिएको देखिँदैन । पुनरावेदन अदालतबाट कि.नं. ३६८ र ३६९ जग्गाहरू प्रत्यर्थी निवेदकको हक पुग्ने भनि ठहर फैसला गरेको पनि पाइँदैन । निवेदकको कानूनसम्मत भोगलाई सम्म सुरक्षा गरि पुनरावेदकहरूको गैरकानूनी हस्तक्षेपलाई निषेधितसम्म गरेको देखिन्छ । तसर्थ पुनरावेदन अदालत, राजविराजको आदेश कानूनसम्मत् नै देखिन आउने हुँदा पुनरावेदक विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।९।७ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

## इजलास नं. ५

### १

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-१२४४, सार्वजनिक बाटोको कब्जा खिचोला मेटाई निकास दिलाई चलन चलाई पाउँ, *जलिल अहमद जोलाहसमेत वि. बदलु तेली*

विवादित कि.नं. ४७५ को जग्गा सार्वजनिक भएपछि सो सार्वजनिक जग्गामा बाटो भए वा नभए पनि कसैले खिचोला हकभोग गर्न पाउने अवस्थाको जग्गा होइन । सो जग्गासँग जोडिएको जग्गाधनी वा अन्य जो कोही व्यक्तिले पनि खिचोला वा भोगचलन गर्नसक्ने हुँदैन । त्यस जग्गामा पूर्ण स्वामित्व नेपाल सरकारको रहेको हुन्छ । वादीको कि.नं. १२७ र १२८ को जग्गाको निकाससमेत रोकी कि.नं. को सार्वनिक जग्गा खिचोला गरेको भन्ने देखिएकाले त्यस्तो अवस्थामा सो सार्वजनिक जग्गाको विषयलाई लिएर जो कोहीले अनुमतिले फिराद दायर गर्नसक्ने नै हुन्छ । यस्तो सार्वजनिक जग्गामा अड्डाको अनुमति लिई सार्वजनिक सरोकारको विषयमा दिएको मुद्दालाई व्यक्तिगत हकहित र सरोकारसँग सम्बन्धित विवाद भनि अर्थ गर्नु न्यायोचित हुँदैन र त्यस्तो सार्वजनिक जग्गा जो कोहीले आफ्नो बल वा शक्तिले प्रयोग गर्नसक्ने नहुने ।

विवादित जग्गामा भई आएको नक्साको न.नं. ४ र ५ मा कि.नं. ४७५ को जग्गा देखाई उक्त जग्गा नेपाल सरकारको नाममा रहेको ऐलानी जग्गा भएको नक्सा मुचुल्का तथा फिल्डबुक उतार दर्ता स्रेस्ताबाट देखिएको र नक्सा सर्जमिन मुचुल्कामा सही गर्ने अजमिर अलि जोलाहसमेतका व्यक्तिहरूले विवादित जग्गा सार्वजनिक भएको जमिल अहमदले भोगचलन गरेको भन्नेसमेतबाट यी पुनरावेदन प्रतिवादीहरूले विवादित कि.नं. ४४५ को सार्वजनिक जग्गा एकलौटी रूपमा कब्जा गरि खिचोला गरेको देखियो । अत: विवादित जग्गा उल्लिखित आधार र कारणबाट सार्वजनिक देखिँदा त्यस्तो सार्वजनिक जग्गामा यी पुनरावेदक प्रतिवादीहरूले मात्र एकलौटीरूपमा भोगचलन र कब्जा गर्नसक्ने होइन । त्यस्तो जग्गा सार्वजनिक भएकाले वादीसमेतका व्यक्तिले सार्वजनिक रूपले भोगचलन गर्न पाउने नै देखिँदा पुनरावेदन अदालत, नेपालगञ्जबाट विवादित जग्गामा प्रतिवादीहरूको व्यक्तिगत खिचोला मेटाई सार्वजनिक रूपले वादीसमेतले भोगचलन गर्न पाउने ठहर्‍याएको मिति २०६८।२।१७ को फैसला मिलेकै देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०७४३, लिखत बदर, *धर्मा पाण्डेय वि. टोपेन्द्रादेवी रेग्मी*

पुनरावेदक वादीका पति सूर्यप्रकाश पाण्डेले दाङ जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ५क कि.नं. ७५९ को ज.वि. ०-०-१५ मध्ये दक्षिणतर्फ ०-०-५ जग्गा प्रतिवादीलाई मिति २०६७।५।३१ गते र.नं. (ख) १६३७ को राजीनामा पारित गरि बिक्री गरि दिएकाले वादीको अंश हकमा आघात परेको हुँदा सोको आधा क्षेत्रफल जग्गाको लिखत बदर गरि दर्ता गरिपाउँ भन्ने फिराद दाबी रहेको देखिन्छ । घरको मुख्य व्यवहार गर्ने वादीका पति मेरो भाइ भएकाले अचल सम्पत्तिको आधासम्म अंशबन्डाको १९ नं. ले आफूखुस गर्न पाउने कानूनी व्यवस्था भएकाले बदर हुनुपर्ने होइन भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको देखिन्छ । सगोलको पत्नी वादी उक्त राजीनामाको लिखतमा साक्षी बसेको नदेखिँदा वादीको हक जति २ भागको १ भागसम्म लिखत बदर भै वादीका नाममा दर्ता हुने ठहर्छ भन्ने सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसलाउपर प्रतिवादीको पुनरावेदन परि सुरूको फैसला उल्टी गरि पुनरावेदन अदालत, तुलसीपुरबाट भएको फैसलामा चित्त नबुझाई वादीले यस अदालतमा पुनरावेदन दिएको देखिने।

वादीको पतिले मिति २०६७।५।३१ र.नं. (ख) १६३७ बाट वादी दाबी कि.नं. ७५९ को क्षेत्रफल ०-०-१५ जग्गामध्ये क्षेत्रफल ०-०-५ जग्गा रू.५०,०००।- मूल्य राखी प्रतिवादीले राजीनामा पारित गरि लिएको देखिन्छ । यस मुद्दामा बिगो रू.५०,०००।- रहेको देखिन्छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) मा तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय पच्चिस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पुरै उल्टी भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ । यस मुद्दामा विवादको विषय अर्थात् वादीका पतिले बिक्री गरेको जग्गा क्षेत्रफल ०-०-५ को बिगो रू.५०,०००।- भएकामा वादीले दाबी लिएको आधा जग्गा क्षेत्रफल ०-०-२-५ को हुन आउने बिगो रू.२५,०००।- हुन आउँछ । यसरी यी पुनरावेदक वादीले पक्रेको बिगो जम्मा रू २५०००।– भई उल्लिखित कानूनको व्यवस्थाले पुनरावेदन गर्न पाउने अवस्था विद्यमान नभएको अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १ को अवस्थामा मुद्दा दोहोर्‍याई हेरि पाउनेतर्फको उपचारको मार्ग अवलम्बन गर्नु पर्नेमा सो नगरि पुनरावेदनको माग गरि आएकाले प्रस्तुत कानूनी व्यवस्थाभन्दा बाहिर गै पुनरावेदनको औचित्यमा प्रवेश गरि इन्साफ गर्न मिल्ने नदेखिने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०८११, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. दीपेन्द्र श्रेष्ठ*

प्रतिवादी दीपेन्द्र श्रेष्ठ एचआईभी पोजिटिभ सङ्क्रमित भएकाले र निजबाट बराभद भएको लागु औषध ब्राउन सुगरको परिमाणलाई विचार गर्दा निजलाई उक्त दफाबमोजिम सजाय गर्दा चर्को पर्न जाने भएकाले सोही ऐनको दफा १४(१) बमोजिम दुई वर्ष कैद र एकलाख रूपैयाँ जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको फैसलाका सन्दर्भमा हेर्दा लागु औषध मुद्दामा आरोपित कसुर गरेको देखिएको अवस्थामा सजाय चर्को पर्ने भएकाले सजाय कम गर्नसक्ने कानूनी व्यवस्था लागु औषध (नियन्त्रण) ऐन,

२०३३ मा भएको नदेखिँदा प्रतिवादी दीपेन्द्र श्रेष्ठलाई पुनरावेदन अदालत, पोखराको मिति २०६६।८।२ को फैसला उल्टी भई अभियोग दाबीबमोजिम लागु औषध मुद्दामा आरोपित कसुर गरेको देखिएको अवस्थामा सजाय चर्को पर्ने भएकाले सजाय कम गर्नसक्ने कानूनी व्यवस्था लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ)(१) बमोजिम कैद वर्ष ५ र ५ हजार रूपैयाँ जरिवाना हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-११३७, अंश चलन, *शिवराम सापकोटासमेत वि. विश्वराम सापकोटासमेत*

वादी प्रतिवादीहरू मिति २०३२।८।८ मा मानो छुट्टिएको मिति कायम हुँदा २०२१ सालको भूमिसम्बन्धी ऐनबमोजिम कायम भएको मोही हकसम्म मिति २०३२।८।८ अगाडिकै भएको मान्नुपर्ने हुन आयो । जग्गाधनीको भाग भने २०६३ मा प्राप्त गरेको र सो मिति मानो छुट्टिएको मिति२०३२।८।८ भन्दा पछिको देखियो। त्यसैले सो कित्ताको मोहीको भागको ४ आना जग्गामा सम्म वादीसमेतको हकको देखिँदा सोबाट २ भागको १ भाग वादीहरूले अंश पाउने देखियो। जग्गाधनीको भाग प्रतिवादीले रकम तिरी लिएको जग्गा र बाँकी कित्ताका सम्बन्धमा भने मानो छुट्टिनु अधिको दर्ता स्रेस्ता नभिडेको तथा मूल अंशियाराबाहेक उनाऊ व्यक्तिको नामको देखिँदा त्यसबाट वादीले अंश पाउन सक्ने नदेखिँदा सोबाट समेत अंश पाउनु पर्ने भन्ने वादीको पुनरावेदन जिकिरसमेत कानुनसम्मत नदेखिने।

साबिक कि.नं. २९३ जग्गामा वादीको अंश हक छुट्टिएको नदेखिएको भए तापनि सो कि.नं. २९३ को जग्गा कित्ताकाट भै कायम कि.नं. ३९८, ३९९ र ४०० का घरहरू प्रतिवादीहरूले आफूहरूले बनाएको भन्ने प्रतिवादी जिकिरलाई निजहरूले बनाएको होइन भनि वादीले वस्तुगत आधारमा खण्डन नगरेको तथा २०३२ सालअघि बनेका हुन् भनि वादीले दाबी गर्नसमेत नसकेकाले वादी प्रतिवादीहरू छुट्टिभिन्न भएपछि प्रतिवादीले बनाएका घरका हकमा भने वादीको पुनरावेदन जिकिरबमोजिम वादीले अंश पाउने नदेखिने।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।६।३ मा वादी दाबी नपुग्ने भनि गरेको फैसला नमिलेको देखिँदा उल्टी गरि वादीले फाँटवारीमा आएको जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ४ को कि.नं. २९३ को क्षेत्रफल ०-८-० बाट हाल कायम कि.नं. ३९८, ३९९ र ४०० का जग्गाहरूबाट नरमकरम मिलाई आधी सगोलको देखिँदा सो आधीको २ भागको १ भाग वादीहरूले अंश छुट्याई लिन पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।१७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-१२४५, करारको परिपालना गराई पाउँ, मैकुलाल बाल्मिकी *वि. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बाँके, नेपालगञ्ज सभापतिसमेत*

करारको कुनै पक्षको कुनै काम कारवाही वा व्यवहारबाट कानूनबमोजिम पक्षहरू बिचमा भएको करारको परिपालन नहुने भएमा मर्का पर्ने करारको कुनै पक्षले त्यस्तो करारको पालना गराउन

वा करारको कुनै पक्षको कुनै काम कारवाही रोक्न पुनरावेदन अदालतमा उजुरी दिन पाउने करार ऐन, २०५६ को दफा ८७ को व्यवस्था अनुसार यी पुनरावेदकले पुनरावेदन अदालत नेपालगञ्जमा उजुर गरेकामा उजुरी मागबमोजिम आदेश जारी नहुने गरि पुनरावेदन अदालत, नेपालगञ्जबाट आदेश भएको देखिन्छ । उल्लिखित ऐनको उक्त प्रावधान अनुसार उजुरी परी भएको आदेशउपर करारको पक्षले पुनः पुनरावेदन गर्न पाउने भन्ने कानूनी व्यवस्था रहे भएको देखिँदैन । यसरी परेको उजुरीउपर भएको निर्णयउपर उजुर गर्ने पक्षले पुनरावेदन गर्न पाउने भन्ने कानूनको अभावमा पनि प्रस्तुत पुनरावेदन दायर हुन आएको पाइएकाले मुद्दाको औचित्यभित्र प्रवेश गरि निर्णय गरिरहनु परेन । तसर्थ प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१०७३, उत्प्रेषण, *अधिवक्ता बौधकृष्ण भगत वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत*

फैसलाको प्रभावकारी कार्यान्वयन हुन नसक्ने हो भने न्यायिक निकायबाट प्रदान गरिने उपचार केवल औपचारिकता मात्र हुने हुन्छ । फैसला कार्यान्वयनमा अनावश्यकरूपमा बाधा व्यवधान सिर्जना गरिएमा यस्तो बाधा व्यवधान न्यायिक मूल्य र मान्यताविपरीत हुन जाने ।

प्रस्तुत रिट निवेदनमा उल्लिखित मुद्दामा यी निवेदकले फैसला कार्यान्वयनको क्रममा आफूलाई चित्त नबुझेको विषयमा कानूनद्वारा व्यवस्था गरिएको सबै उपचारको मार्ग अवलम्बन गर्नुको साथै विभिन्न चरणमा न्यायिक परीक्षण भएको अवस्था देखिन्छ । निवेदनमा उल्लिखित मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।५।५ मा भएको आदेशबमोजिम तर्फ छुट्याई दा.खा. पुर्जी दिई फैसला कार्यान्वयन गर्नुपर्ने स्थिति मात्र बाँकी रहेको परिप्रेक्ष्यमा उक्त आदेश कार्यान्वयनस्वरूप सप्तरी जिल्ला अदालतबाट यी निवेदकसमेतका नाउँमा म्याद जारी भै वादी प्रतिवादीबाट अ.बं. १३३ नं. बमोजिम कागजसमेत गराई र कागज गर्न नसकेमा अड्डैको तर्फबाट समेततर्फ यकिन गरि दा.खा. पुर्जी जारी गर्ने गरि मिति २०६८।१२।६ मा आदेश भएको देखिन्छ । उक्त आदेशलाई कुनै पक्षले चित्त नबुझाई बदर गराउन सकेको अवस्था समेत देखिँदैन । यही आदेशबमोजिम वादी प्रतिवादीको तर्फ कायमसम्बन्धी कागज गराइएको र दुवै पक्षले अड्डामा कागज गर्दा तर्फमा सहमत भएका कित्ता नम्बरहरूको सम्बन्धमा सोहीबमोजिम तथा सहमति कायम नभएका कित्ता नम्बरहरूको सम्बन्धमा गोला लगाई तथा गोला टिप्न इन्कार भएको हकमा अड्डैको तर्फबाट गोला लगाई वादीको तर्फ कायम गरि तर्फ यकिन मुचुल्का खडा गरिएको र सोहीअनुरूप जग्गा दा.खा. पुर्जीसमेत पठाइएको देखिन्छ । साथै मिति २०६८।१२।१७ को गोला सहमति मुचुल्कामा वादी तथा प्रतिवादी दुवै तर्फबाट मन्जुर भै हस्ताक्षरसमेत भएको भन्ने मिसिलबाट देखिन्छ । प्रस्तुत निवेदनमा उल्लिखित मुद्दामा भएको फैसला कार्यान्वयनको निवेदन हदम्यादभित्रको देखिनुको साथै फैसला कार्यान्वयनको क्रममा भएका काम कारवाहीहरू कानूनसम्मत रूपमा सम्पादन भएको पाइन्छ । फैसला भई अन्तिम भइरहेको फैसला कार्यान्वयनको क्रममा गरिएका काम कारवाहीमा दूषितता नदेखिँदासम्म असाधारण अधिकार क्षेत्रबाट फैसला कार्यान्वयनको कार्यलाई बदर गर्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन नै खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०३९८, उत्प्रेषण/परमादेश, *रामु सहनी वि. जीवन सहनीसमेत*

जीवन सहनी र बुझावन सहनीबिच चलेको अंशमुद्दा चली विपक्षीले दाबीकै जग्गाबाट अंश पाउने ठहर भएको अवस्थामा अंशमुद्दाबाट संगोलको ऋण भएमा दाजुभाइलाई बन्डा लाग्न सक्नेमा यी निवेदकलाई तिर्नुपर्ने ऋणको दायित्व सम्बन्धमा उल्लेख नगरि यी निवेदकले लिलाम गराई लिएको जग्गासमेतबाट विपक्षी बुझावन सहनीले आधा अंश पाउने ठहर भै सो फैसला अन्तिम भएको अवस्थामा सो मुद्दाबाट जिति पाएको कुरामा असर पुग्ने गरि लेनदेन व्यवहारको ८ नं. आकर्षित हुन सक्ने पनि देखिएन । अर्कोतर्फ अंश मुद्दाको फैसलाबमोजिम ऋणी जीवन सहनीका भाइले २ भागको १ भाग अंश भाग पाउने हुँदा र दाजु भाइको बिचमा लेनदेन व्यवहारको ८ नं. आकर्षित हुन नसक्ने भएकाले ऋणिका भाइ बुझावन सहनीले अंश मुद्दाबाट प्राप्त गरेको आधा सम्पत्तिमा निजको बन्डा छुट्याई दिने कारवाही गर्नु भनि पुन: सर्लाही जिल्ला अदालतको मिति २०६८।२।१९ गतेको आदेश बदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।३।२१ गतेको आदेश त्रुटिपूर्ण देखिएन। तसर्थ फैसला भै अन्तिम भैरहेको अंश मुद्दाको फैसलालाई असर पर्ने गरि यस अदालतबाट रिट क्षेत्रबाट बोल्न नमिल्ने भएकाले उत्प्रेषणसमेतको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-००५२, उत्प्रेषण/परमादेश, *उत्तमकुमार आले वि. ध्रुवकुमार आलेसमेत*

यी निवेदक र विपक्षी चिन्ता रानासमेत बिच चलेको अंश मुद्दामा यी निवेदकबाट विपक्षीहरूले अंश पाउने ठहरि मुद्दा अन्तिम भैरहेकामा विपक्षी ध्रुवकुमार आलेले बन्डा छुट्टाई पाउँ भनिदिनु भएको निवेदन अनुसार बन्डा छुट्याउनको लागि यी निवेदकसमेतलाई मिति २०६८।९।१५ गतेको डोरको तारेख तोकेको देखियो । अदालतबाट तोकी पाएको तारेखमा उपस्थित भै फैसलाबमोजिम कार्य गर्नुपर्ने जिम्मेवारी यी निवेदकसमेतको भएकामा उक्त मितिमा यी निवेदक डोरमा उपस्थित नभएपछि यी निवेदकबाहेकका अन्य प्रतिवादीहरू र साक्षी राखी बन्डा छुट्याएको मिसिल संलग्न बन्डा मुचुल्काबाट देखिन्छ । डोरको तारेख तोकि पाएकामा बिरामी परी काबु बाहिरको परिस्थिति भै डोरमा उपस्थित हुन नसकेको भनि यी निवेदकले निवेदनमा उल्लेख गरे पनि बिरामी भएकै कारणले बन्डा छुट्याउने कार्यमा उपस्थित हुन नपाएको हो भन्ने विश्वासलायक तथ्य र प्रमाण मिसिलबाट देखिन आउँदैन । बन्डा छुट्याउँदा घरको भाग आफूलाई नपरेको कारण उक्त मितिको बन्डा मुचुल्का बदर गरि पुन: घरसमेत पर्नेगरि बन्डा छुट्याई पाउँ भन्ने मुख्य निवेदन जिकिर लिई प्रस्तुत निवेदन गरेको देखिन्छ। उक्त मितिमा भैआएको बन्डा मुचुल्का हेर्दा विपक्षी ध्रुवकुमार र चिन्ता रानालाई कि.नं.११० मा रहेको १/१ घर जग्गा अंशमा पारी यी निवेदकलाई सो जग्गाबाटै घरको भागसमेतमा जग्गा छुट्याई नरमकरम मिलाई अंशबन्डा गरिदिएको र सो मुचुल्कामा अन्य प्रतिवादी र साक्षीसमेत राखी बन्डा छुट्याएको देखिन्छ । अंशमा घटीबढी पारी असमान तरिकाले बन्डा छुट्याएकामा त्यस्तो कार्य बदर गराई पाउन अंश बन्डाको ३३ नं. ले साधारण उपचारको मार्ग अवलम्बन गरि उपचार खोज्न यी निवेदकलाई मार्ग प्रशस्त गरेकै देखिन्छ। तर सोतर्फको दाबी नभै खाली आफ्नो भागमा घर नपरेको भन्ने जिकिर भए पनि यी निवेदककै अंश भागबाट अंश पाएकी विपक्षी चिन्ता रानाको भागमा

माथि उल्लिखित जग्गामा नै बनेको भान्छा र भण्डार कोठासमेत भएको ४ कोठे घरसमेत बन्डा छुट्याएको देखिँदा यी निवेदकको भागमा घर नपरेको भन्ने पनि देखिएन । यी निवेदक तारिखमा उपस्थित नभए पनि अन्य वादी प्रतिवादी र साक्षीहरूको उपस्थितिमा अदालतको डोरबाट मुचुल्का गरि बन्डा छुट्याएको र यी निवेदककै अंश भागबाट विपक्षी चिन्ता रानाले अंश बुझि लिएको साथै यी निवेदकबाहेकका अन्य प्रतिवादीहरूसमेतले बन्डामा चित्त बुझाई बसेको देखिएको साथै निवेदकले प्रस्तुत निवेदनमा तारेख गुजारी बसेकोसमेतका आधार कारणबाट उक्त बन्डा बेरीतको भन्ने आधार सृजना भएको देखिएन । मूलतः फैसलाबाट जिती पाएको अंश पाउने वादीको कानूनी र नैसर्गिक हक भएकाले त्यस्तो फैसला कार्यान्वयन गर्दा गम्भीर कानूनी त्रुटि देखिएको अवस्थामा बाहेक अन्य अवस्थामा रिट क्षेत्रबाट प्रवेश सुरू अदालतबाट मिति २०६८।९।१५ मा भएको बन्डा मुचुल्काबाट सम्पन्न गरिएका फैसला कार्यान्वयनका काम कारवाही नै असर पर्ने गरि बदर गर्न नमिल्ने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-१३१३, उत्प्रेषण/परमादेश, *ममताकुमारी यादवसमेत वि. ईन्दल राय यादवसमेत*

दण्ड सजायको २६ नं. मा उल्लेख भए बमोजिम ऋण खाँदा नाबालक रहेका प्रतिवादीका छोराछोरीहरू नीतिशकुमार यादव, अम्बिकाकुमारी यादव र अनुकुमारीको भाग पर सारी लिलाम गरिएको छ । लेनदेन व्यवहारको ८ नम्बरबमोजिम प्रतिवादी ऋणी नै घरको मुख्य बाबु देखिएको र निजै ऋणीको जग्गाबाट डाक लिलाम गरिएको देखिन्छ । विवेचित आधारमा बिगो भराउको कार्यविधिमा कानूनी त्रुटिपूर्ण देखिँदैन भने निर्णय गर्ने अधिकारी सर्लाही जिल्ला अदालतका तहसिलदारले गरेका काम कारवाहीलगायत पुनरावेदन अदालत, जनकपुरबाट सदर गरेको भए गरेका आदेशहरू त्रुटिपूर्ण नभै कानूनसम्मत रहेको देखिन आउने ।

फैसलाबमोजिम वादीको बिगो रकम दाखिल गर्नु भनि प्रतिवादीलाई पर्याप्त सुनुवाईको मौका दिइएको छ । बिगो भराउने सिलसिलामा प्रतिवादीले पटकपटक अ.बं. ६१ नं. र १७ नं. का निवेदनहरू पेस गरि सम्पूर्ण कारवाहीका बारेमा निज जानकार देखिन्छन् । प्रतिवादीकै नामको जग्गाबाट वादीको बिगो भराइएको छ । नाबालकको भाग पर सारी लिलाम गरिएको छ । बिगो भराउने सबै चरणहरू जायजात तायदात पञ्चकृते मूल्याङ्कन लगायत जिल्ला अदालत नियमावली, २०५२ ले निर्दिष्ट गरेका प्रक्रियाहरू र दण्ड सजायको २६ नं. को व्यवस्थालाई पालना गरि लिलाम मुचुल्का सम्पन्न गरिएको देखिन्छ । बिगो भराउने सिलसिलामा अर्काको हकको जग्गा लिलाम नगरिएको र बिगो भरिभराउको सबै कानूनी तथा कार्यविधिगत प्रक्रिया अवलम्बन भै फैसला कार्यान्वयन भएको देखिएकाले त्यस्तो काम कारबाही र आदेशलाई उत्प्रेषणद्वारा बदर गराउने आधार सिर्जना भएको देखिएन । मूलतः फैसलाबाट जिती पाएको लेनदेनको बिगो भरी पाउने वादीको कानूनी हक भएकाले फैसला कार्यान्वयन गर्दा गम्भीर कानूनी त्रुटि देखिएको अवस्थामा बाहेक अन्य अवस्थामा रिटक्षेत्र आकर्षित गरि सुरूबाट सम्पन्न गरिएका फैसला कार्यान्वयनका काम कारवाही र लिलामसमेत बदर गर्न मिलेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-००११, ०२५०, कर्तव्य ज्यान, *विनोद भन्ने भिमशंकर दर्जी वि. नेपाल सरकार, नेपाल सरकार वि. विनोद भन्ने भिमशंकर दर्जी*

प्रतिवादी र मृतक मनकुमारी दर्जी दिदी भाई नाताका मानिस भएको, मृतक मनकुमारीको पति ज्ञानबहादुर दर्जी प्यारालाइसिसको बिरामी भई शारीरिकरूपमा कमजोर रहेकाले निजहरूको घरको रेखदेख जाहेरवाला कृष्णबहादुर दर्जीले नै गर्ने भई घरमा आवतजावत गर्ने बस्ने गरेको कुरा जाहेरी दर्खास्त व्यहोरासमेतबाट देखिन आउँछ। यी प्रतिवादीले मृतक मनकुमारी र जाहेरवाला कृष्णबहादुर दर्जी बिचको अवैध यौनसम्बन्ध विषयमा सम्झाउन खोज्दा मन कुमारीले यी प्रतिवादीको मुखमा थुकि गाली गलौज गरेबाट प्रतिवादीले आवेशमा आई रिस थाम्न नसकि काठको दाउराले मनकुमारीको टाउको समेतमा हान्दा मनकुमारी भुइँमा ढलि सोही चोटको कारणबाट निजको मृत्यु भएको देखिने।

ज्यानसम्बन्धीको महलको १४ नं. मा ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकि चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकि जोखिमी हतियारले हानेको वा विष खुवाएकामा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा यी प्रतिवादीले मृतकलाई मार्ने गरि पूर्व रिसइवीसाथ योजना बनाएको र सोहीअनुसार कार्य नगरेको, मार्नुपर्नेसम्मको मनसायको अभाव रहेको, पूर्वयोजना र तयारी साथ घटना घटेको नभई मृतक र प्रतिवादीबिच मृतकको चरित्रका बारेमा कुरा चली भनाभन भई घटना घट्न गएको देखिएकाले प्रस्तुत वारदातलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर अपराध मान्न सकिने अवस्था नदेखिने।

प्रतिवादी भिमशंकर दर्जीले प्रस्तुत वारदातलाई भवितव्य ठहर गरिपाउँ भनि पुनरावेदन जिकिर लिएकाले सोतर्फ हेर्दा ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इवीलाग वा मनसाय नभै कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने कानूनी व्यवस्था गरिएको देखिन्छ। त्यस्तै "भवितव्य हत्यामा प्रतिवादीले मानिसउपर ताकेर प्रहार गरेको नभै सावधानी पूर्वक कुनै कार्य गर्दा दुर्भाग्यवस वा भवितव्यवस मानिसलाई लाग्न गई सो कारणबाट मानिसको मृत्यु भएको हुन्छ। त्यस्तो अवस्थामा मात्र ज्यानसम्बन्धीको ५ नं. आकर्षित हुने र प्रतिवादीले सो अन्तर्गतको सुविधा प्राप्त गर्ने" भनि नेपाल सरकार वि. इरमान तामाङ भएको कर्तव्य ज्यान मुद्दा (*ने.का.प.* २०७१, अङ्क ९ नि.नं. ९२५० पृष्ठ १५२०) मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। तसर्थ प्रचलित कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तको रोहमा माथि विवेचित घटना प्रकृतिलाई विश्लेषण गर्दा प्रस्तुत वारदातलाई भवितव्य अन्तर्गत पर्ने भन्न मिल्ने देखिएन। तसर्थ पुनरावेदन अदालतबाट प्रस्तुत वारदातलाई ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको कसुर ठहर गरि प्रतिवादीलाई १० वर्ष कैद हुने ठहराएको फैसला कानूनसङ्गत नै देखिँदा पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी विनोद भन्ने भिमशंकर दर्जीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत वारदातमा मृतकको साथबाट चोरी गरिएको भनिएको कुनै पनि चिजवस्तु गरगहना यी प्रतिवादीबाट बरामद भएको देखिँदैन। यी प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा समेत मैले दाउराले दिदीको टाउकामा हानेपछि दिदी ढलिन् र म त्यहाँबाट भागेको हुँ, दिदीको गहना अजय श्रेष्ठले लगेको हो भनि बयान गरेको देखिन्छ। घटना विवरण

कागज गर्ने गंगीसरा सूर्यवंशी, कोशलबहादुर पौडेलले गहना लुटि लगेको सुनेको हुँ भनि बकपत्र गरे तापनि सो कुराको अन्य चश्मदिद गवाह नभएकाले चोरीको वारदातमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने कुरा प्रमाणित हुन सकेको देखिँदैन । तसर्थ चोरीतर्फको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने हुँदा सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०६७।१२।१४ मा भएको फैसला केही उल्टी गरि प्रतिवादी विनोद भन्ने भिमशंकर दर्जीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने र जबरजस्ती चोरीतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार तथा प्रतिवादी विनोद भन्ने भिमशंकर दर्जीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज २४ गते रोज १ शभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-१०७९, मोही लगत कट्टा, *रामलाल राजबंशी वि. धिरज लामिछाने*

पुनरावेदक प्रतिवादीले आफैँ मुद्दा गरि सबुद प्रमाण पेस गरि खम्बिर गराउन नसकेको छोडिसकेको कुरालाई हाल आएर विपक्षी जग्गाधनीले गुपचुपरूपमा मोही लगतकट्टा गर्न लागेको म हकदार छोरालाई बुझ्दै नबुझी सुनुवाईको मौका नै नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत लगतकट्टा गरेको भन्ने कुरा पनि तर्कसँगत देखिन आएन । यसै सम्बन्धमा निवेदक धरीछन महतो कोइरीसमेत विरूद्ध भूमिसुधार कार्यालय सर्लाहीसमेत भएको उत्प्रेषणको रिट निवेदन (*ने.का.प.* २०४३, अङ्क ४, नि.नं. २६९४) मा "भूमिसुधार कार्यालयबाट निवेदकहरूको नाममा तामेल भएको म्याद बुझी सही गरेकोसमेत देखिएबाट थाहा नपाएको भनि प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको भन्ने जिकिर कानूनसङ्गत मान्न मिलेन" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । यसका साथै गाउँ सर्जमिन तथा विराटनगर उपमहानगरपिलकाको च.नं. १८५ मिति २०६७।६।२८ को सिफारिस पत्रबाटसमेत उक्त कि.नं. १६६४ र १४५५ का जग्गाहरू जग्गाधनीकै तर्फबाट जोतभोग गरिरहेको भन्ने कुरा देखिन आयो । यसरी जग्गा जोत्न छाडि निष्क्रिय रहेका मोहीको लगत भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को खण्ड (ग) बमोजिम कट्टा हुनसक्ने नै देखिन आउने ।

पुनरावेदक प्रतिवादी आफैँले साबिक जग्गाधनीउपर मुद्दा गरि सो कुरा खम्बिर गराउन नसकि मुद्दा नै छाडिदिएको, गाउँ सर्जमिन तथा नगरपालिकाको सिफारिसबाट पनि उक्त जग्गाहरू जग्गाधनीकै तर्फबाट जोतभोग गरिरहेको भन्ने कुरा देखिएको, मोहीले जग्गा जोत्न छाडि निष्क्रिय रहेको देखिएको लगायतका माथि उल्लिखित आधार र प्रमाणबाट सुरू भूमिसुधार कार्यालय मोरङबाट वादी दाबीबमोजिम मोही लगतकट्टा हुने ठहर्‍याएको मिति २०६७।९।४ को निर्णय सदर गर्ने गरि पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।१२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल, हेमबहादुर सेन

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०३२०, उत्प्रेषण/परमादेश, *नरेन्द्र अधिकारी वि. भूमिसुधार*

*तथा व्यवस्था मन्त्रालयसमेत*

छुट दर्ता दाबीकर्ताको अधिकार नभै राज्यले दिएको सुविधा हो । सार्वजनिक स्वरूप लिसकेको सम्पत्ति व्यक्ति विशेषको नाममा दर्ता गर्ने उद्देश्यले छुट दर्ता गरिने नभै व्यक्ति विशेषको भोगचलन हक स्वामित्वको संरक्षणको लागि हो भनि, ने.का.प. २०६८ अङ्क ११ नि.नं. ८७१२ मा अन्यथा भएमा बाहेक सर्भे नापीले जग्गाको चार किल्ला, क्षेत्रफल, स्वामित्व, मोही आदिको स्थितिलाई कानूनी निश्चितता प्रदान गर्छ भनि र ०६४-CI-०९२१, मुद्दा हक कायम दर्ता बदरमा साबिकको नापीमा दर्ता बाँकी रहन गएका जग्गाको हक स्वामित्व निरूपण गर्दा सो नापीमा खडा भएका फिल्डबुकमा लेखिएका व्यहोराहरू महत्त्वपूर्ण प्रमाण हुन्छ । फिल्डबुकमा लेखिने व्यहोरा सो जग्गाको स्वामित्वको सम्बन्धमा कालान्तरमा विवाद उठ्ला भनि अनुमान गरिएका कुराहरू काल्पनिक होइनन् । त्यसैले फिल्डबुकलाई सो जग्गाको स्वामित्व निर्धारक प्रमाणको रूपमा उच्च महत्त्व दिनु पर्ने हुन्छ । त्यसैगरि जग्गाको साबिक लगतमा लेखिएको व्यहोरा पनि महत्त्वपूर्ण हुन्छ । त्यस अतिरिक्त उक्त जग्गा मोहीले कमाएको भए जग्गाधनीको रूपमा दाबी गर्ने व्यक्तिले मोहीसँग निरन्तर सम्बन्ध बनाई जग्गाको बाली लिएको छ छैन भन्ने अन्य प्रमाणहरू पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् भन्ने प्रतिपादित सिद्धान्तहरूलाई यो इजलासले नजरअन्दाज गर्न नसक्ने हुँदा विवादित जग्गामा निवेदकको निर्विवाद हकभोग रहेको नपाइएकाले मालपोत कार्यालयको निर्णयबाट संविधानप्रदत्त मौलिक हकहरूको हनन् भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । हकदैयाको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ १७ गते रोज १ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री ओम प्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०३६५, उत्प्रेषण, *अधिवक्ता रामप्रसाद प्रजापतिसमेत वि. अध्यक्ष नेपाल बार एसोसिएसन, केन्द्रीय कार्य समिति, रामशाहपथ, काठमाडौंसमेत*

नेपाल बार एसोसिएसन विधान, २०४८ एवम् नेपाल बार एसोसिएसन विनियमावली, २०४९ नेपाल बार एसोसिएसनको केन्द्रीय महाधिवेशनबाट निर्णय भई बनेको र विनियमावली, २०४९ सोही विधानअन्तर्गत बनेको दस्ताबेज देखिँदा संविधानको धारा १३३(२) बमोजिम उक्त विधानलाई कानूनसरह मान्न मिलेन । प्रस्तुत रिट निवेदनमा निवेदकले नेपाल बार एसोसिएसनको विधान, २०४८ एवम् नेपाल बार एसोसिएसन विनियमावली, २०४९ अन्तर्गतको हक प्रचलनको लागि धारा १३३(२) अन्तर्गत निवेदन दिएको र उक्त विधान एवम् विनियमावलीलाई प्रचलित नेपाल कानूनको संज्ञा दिन नमिल्ने भएबाट निवेदकको कानूनी हक अपहरण भएको भन्न मिल्दैन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७२ साल पुस १२ गते रोज १ शुभम् ।

## इजलास नं. ९

**१**

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०४३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरबहादुर शाहीसमेत*

प्रतिवादीहरू नरबहादुर शाही र खुर्सलबहादुर बुढाक्षेत्रीको कुटपिटबाट मृतक विक्रम सुनारको मृत्यु भएको हो भन्ने यकिन नभएको र प्रतिवादीहरू

आरोपित कसुरमा पूर्ण इन्कार रहेको, घटनास्थल लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरूको बकपत्र तथा मृतकका दाजु जाहेरवाला स्वयम्को बकपत्रले मृतक विक्रम सुनारको मृत्यु प्रतिवादीहरूकै कर्तव्यको कारणले भएको हो भन्ने आरोपलाई समर्थित गरेको देखिएन। यसरी आरोपित कसुर शङ्कारहित तवरले पुष्टि भैइरहेको नदेखिँदा बिना आधार कसैलाई दोषी करार गर्न मिलेन। कुनै अभियोग लगाउन तथा त्यस्तो मुद्दा हेर्न अधिकारप्राप्त अदालत वा निकायले पेस भएका प्रमाणहरूको शङ्कारहित तवरले परीक्षण गरि मूल्याङ्कन गर्नुपर्ने फौजदारी न्याय प्रणालीको विशेषता हो भने शङ्काको सुविधा प्रतिवादीहरूका पक्षमा जाने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत भएकामा प्रतिवादीहरू नरबहादुर शाही र खुर्सलबहादुर बुढाक्षेत्रीलाई ज्यान जस्तो गम्भीर फौजदारी अपराधमा बिना कुनै तथ्ययुक्त शङ्कारहित सबुद प्रमाणबेगर कसुरदार ठहर्‍याई भएको कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरि प्रतिवादीहरू नरबहादुर शाही र खुर्सलबहादुर बुढाक्षेत्रीले आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।५।३० को फैसला मिलेकै देखिँदा अन्यथा गर्नु परेन, सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-००२८, ०७०-CR-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनबहादुर शाहीसमेत, मानसिंह कठायत वि. नेपाल सरकार*

प्रतिवादीहरू मध्येको पुष्पा भन्ने खजुरा कठायतले मौकामा बयान गर्दा झगडा वारदात हुँदाका बखत म वारदातस्थलमा थिइन। कसले कसलाई के विषयमा झगडा परि हानाहान गरे मैले देखिन भनि कसुरमा पूर्ण ईन्कारी बयान गरेको र सोहीबमोजिम अदालतमा समेत ईन्कारी बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी धना भन्ने धनसरा शाहीले मौकामा गरेको बयानमा के कुन विषयमा हो होल्ला गर्दै एक्कासी जंगबहादुरले मानसिंह कठायतलाई गाली गर्दै मुक्काले हान्ने क्रममा सो स्थानमा बसेका मेरो श्रीमान्समेतले नगर भन्दै झगडा छुट्ट्याउन लागेको अवस्थामा मैले देखि श्रीमान् धनबहादुरलाई समाउन जाने क्रममा मानसिंहलाई जंगबहादुर सुनारले दाउराले हानि रगताम्ये बनाएका थिए। मैले श्रीमान्लाई समाती आफ्नो घर लगि गए। सो समयमा मानसिंह कठायतले जंगबहादुर सुनारलाई के कुन हतियारले हाने मलाई थाहा भएन म आफ्नो घर गैसकेको थिएँ। मैले जंगबहादुर सुनारलाई छोएको पनि होइन भनि कसुरमा पूर्ण ईन्कारी रहेको पाइन्छ भने अदालतमा पनि मौकाको बयानबमोजिम मैले श्रीमान्लाई समाएर घर ल्याएपछि के भयो थाहा भएन। गाउँलेले पछि मानसिंह कठायतले मारेको भनेपछि सुनि थाहा पाएको हो भनि कसुर गरेकामा पूर्ण ईन्कारी रहेको पाइन्छ। प्रतिवादी मानसिंह कठायतले आफूले जंगबहादुर सुनारलाई मारेको भनि कसुर स्वीकार गरेको र अन्य प्रतिवादीको संलग्नता नभएको भनि गरेको मौकाको बयान मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकाले प्रतिवादी पुष्पा भन्ने खजुरा कठायत र धनसरा शाहीलाई सफाइ दिने ठहराएको सुरू तथा पुनरावेदन अदातलको फैसला मिलेकै देखिन आउने।

मृतक र प्रतिवादीबिच ज्यान लिनुपर्नेसम्मको वैमनस्यता, पूर्व रिसइवी र ज्यान मार्ने मनसायका साथ कुनै योजना बनाएको मिसिलबाट देखिँदैन। मृतक जंगबहादुर सुनारले निहुँ खोजी बाख्राको भुँडी कसले पाउने भनि वादविवाद गरेको तथा सोही क्रममा मृतकले प्रतिवादी मानसिंह कठायतको टाउकामा दाउराको

कप्टेराले हानी रगतपक्ष बनाएको कारण प्रतिवादी मानसिंह कठायत रिस आवेशमा आएको र अघिल्लो कुटपिट भएको केही समयको अन्तरालमा तत्कालै हलोको जांगोले मृतकलाई प्रहार गरि सोही चोटबाट मृतकको मृत्यु भएको मिसिल प्रमाणबाट देखिएकाले ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको र घटी सजाय गर्दा पनि कानुनको मकसद पूरा हुने नै देखिएकाले पुनरावेदन अदालत, सुर्खेतले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुन व्यक्त गरेको राय मनासिब देखिन आउने हुँदा प्रतिवादीहरू मध्येको पुष्पा भन्ने खजुरा कठायत, धनसरा शाही र धनबहादुर शाहीलाई अभियोग दाबीबाट सफाई दिई प्रतिवादी मानसिंह कठायतको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. विपरीतको कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई कैदको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिमको १० (दश) वर्ष कैद सजाय हुने गरि राय व्यक्त गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।१०।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी मानसिंह कठायतको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री सुशीला कार्की,** ०७२-WO-०१०६, उत्प्रेषण, *अधिवक्ता तोयानाथ ढुङ्गाना वि. न्याय परिषद्‌को सचिवालय, कुपण्डोल ललितपुरसमेत*

संविधानले निर्देशित गरेको अधिवक्तालाई न्यायाधीशमा नियुक्ति गर्ने विधि र कानून बनाउने अख्तियारी न्याय परिषद्‌लाई छैन र हालसम्म सोबमोजिमको कानून बनेको पनि छैन । जब उक्त परमादेशले निर्देश गरेबमोजिम कानून बनाउने निकायहरूबाट कानून बनाउने कार्य सम्पन्न हुनेछ तत्पश्चात् मात्र उक्त आदेशले ध्यानाकर्षण गरेबमोजिम न्याय परिषद्‌ले परीक्षा विधिको तौर तरिका निर्धारण गरि परीक्षाको सञ्चालन न्याय सेवा आयोगबाट हुने देखिन्छ । कानून बनाउने अधिकार न्याय परिषद्‌लाई नभएको अवस्थामा निवेदकले निवेदनमा जिकिर लिएजस्तो परीक्षा सञ्चालन गर्नसक्ने हुन नआउने हुँदा संविधानले निर्दिष्ट गरेको कानून नै नबनेको अवस्थामा निवेदकलाई प्रस्तुत निवेदन दिने हकदैया स्थापित भएको मान्न मिल्ने देखिएन । संविधानले कानून बनाई बनेको कानूनअनुसार परीक्षा प्रणालीद्वारा मात्र अधिवक्ताहरूलाई न्यायाधीशमा नियुक्ति गर्ने उल्लेख भएकामा जुन कानूनद्वारा यी निवेदक विद्वान् कानून व्यवसायीले जिकिर गरेअनुसार जिल्ला अदालतको न्यायाधीशमा नियुक्ति पाउने कुराको अधिकारप्राप्त हुने हो हालसम्म सो कानूनको निर्माण नै नभएको हुँदा यी निवेदकलाई प्रस्तुत निवेदन दायर गर्ने अख्तियार नभएको प्रस्ट देखिने ।

मिति २०७२।४।२१ को विपक्षी खण्डमा उल्लिखित ६० जना जिल्ला न्यायाधीशहरूको नियुक्तिको निर्णय बदर हुनुपर्ने माग विपक्षी निवेदकले निवेदनमा लिनुभएको छ । सोतर्फ विचार गर्दा हालको नियुक्ति नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ अनुसार कानूनसम्मत विधिबाट भई न्याय परिषद्‌ले आवश्यकताअनुसार सबै प्रक्रिया पुर्‍याई नियुक्ति गरेको देखिएको र त्यसमा अन्यथा भन्न र मान्न नसकिने एवम् संविधानमा भएको व्यवस्था अनुसारको कानून नै नबनेको यस अवस्थामा यी निवेदकलाई प्रस्तुत निवेदन गर्ने हकदैया समेत रहेको नदेखिँदा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्न नपरि प्रस्तुत रिट निवेदन खारेज हुने ।

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम् ।